महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## फलेवास नगरपालिका

पर्वत





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## फलेवास नगरपालिका

पर्वत



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## फलेवास नगरपालिका

पर्वत

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. ५६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
फलेवास नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
पर्वत ।

**कैफियत सहितको राय**

हामीले फलेवास नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ९ करोड ९४ लाख ९२ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ३४ लाख ३ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू ८६ लाख १६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ७० लाख ४३ हजार, नियमित गर्नुपर्ने रु ९५ लाख ६१ हजार र पेश्की रू ३ करोड ८ लाख ६९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ४ करोड ३ लाख ९६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १३ करोड ६४ लाख ८४ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घामर)
नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४७ | १२८ | ९९४९२ | ० | १७ | ३४०३ | ४७ | १११ | ९६०८८ | ८६१६ | ९५६१ | ४७०४३ | ०० | ० | ५६६०४ | ३०८६९ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | २६ | विद्यालयमा कार्यरत नभएको शिक्षकको नाममा निकासा भएको रकम असूल भएको। | १२६८०० |
| २ | ५० | कार्यसम्पादन मूल्याङ्कन वापत पालिकामा कार्यरत पूनरावलोकन समितिका कर्मचारीहरु मध्ये ३ कर्मचारीको बैठक भत्ता असुल भएको । | ३०६०० |
| ३ | ५८ | पारिश्रमिक कर कट्टा गरेको नपाइएकोले उक्त रकम असुल गरी बेरुजु खातामा दाखिला भएको। | ८९६८ |
| ४ | ३२ | भुक्तानी भएको महंगी भत्ता र स्थानीय भत्ता असुल भएको। | २२०३८ |
| ५ | ३३ | स्तरवृद्धि वापतको रकम असुल भई दाखिला भएको। | ५५०० |
| ६ | ३५ | दोहोरो भुक्तानी भएको रकम असुल भएको । | १२००० |
| ७ | ४७ | अनुगमन भत्ता भूक्तानी गरेकोले असुल भई दाखिला भएको। | ५९५० |
| ८ | ५१ | नियम विपरितको अनुगमन भत्ता असुल भएको। | ३८३२५ |
| ९ | ५८ | नियम विपरितको भ्रमण खर्च असुल भएको। | ५९०० |
| १० | ७४ | नियम विपरितको बैठक भत्ता असुल भएको। | ५०१५० |
| ११ | ८७ | पेश्की फर्छ्यौटको प्रमाण पेश भएको। | २६००००० |
| १२ | ४९ | दोहोरो भुक्तानी सम्वन्धमा प्रमाण पेश भएको। | ४९७२०० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| फलेवास नगरपालिका | ४०३९६ | ० | ० | ४०३९६ | ० | ९६०८८ | १३६४८४ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : फलेवास नगरपालिका, पर्बत , फलेबास नगरपालिका , पर्वत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कृष्ण प्रसाद श्रेष्ठ | २०७८-८-१७ | २०७९-३-३१ |
| कार्यालय प्रमुख | नेत्र प्रसाद पौडेल | २०७९-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | यशोदा सुवेदी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ९६,०८८,४८१.५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,५२,८२,७५२.८४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५४,६५,५५,९४९.५२ | **चालु खर्च** | ३८,७८,६६,२०५.२ |
| **प्रदेश सरकारबाट अनुदान** | २,६०,६३,००० | **पूँजीगत खर्च** | २८,२२,४८,६६२.५ |
| **राजश्व बाँडफाँट** | ८,८४,४१,८९६.५६ | **वित्तीय/अन्य व्यवस्था** | १६,५९,४४,९६६ |
| **आन्तरिक आय** | ६०,६०,०४४ | | |
| **अन्य आय** | १८,१०,९५,०९१ | | |
| **कुल आय** | ८४,८२,१५,९८१.०८ | **कुल खर्च** | ८३,६०,५९,८३३.७ |
| **बाँकी मौज्दात** | | ४,७४,३८,९०१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लिखित आर्थिक कारोबारकोलेखापरीक्षण ऐन २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमको अधिनमा रहि कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण लगायतका कागजात तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन प्रतिनिधित्व पत्र समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुको सम्बन्धमा कार्यालय प्रमुख सहितका कर्मचारीरीहरुसँग मा छलफल सम्पन्न गरि कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | |
| २ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ११, पालिका सभा सदस्य ५८ जना, जनसंख्या २0 हजार 726 जना र क्षेत्रफल 85.७ वर्ग किलोमिटर रहेकोछ । | |
| ३ | | | **वित्तीय विवरण**<br><br>**स्थानीय सचित** कोष अर्थिक वर्ष २०७८/०७९ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।<br><br>प्राप्ती भुक्तानी हिसाव<br>विवरण \| टिप्पणी \| यस वर्ष रु. | |

| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | ९५३११०१६२.७३ | ८४८२१५९८१.८१ | | ८४८२१५९८१.८१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७७०८८३८४३.७३ | ६६७१२०८९०.८१ | ० | ६६७१२०८९०.८१ |
| ११००० कर | ११ | ९२६७६६७३ | ८८४४१८९६.५६ | ० | ८८४४१८९६.५६ |
| १३००० अनुदान | | ६२८१९१२२० | ५७२६१८९५० | ० | ५७२६१८९४९.५२ |
| संघीय सरकार | १२ | ६०२१२८२२० | ५४६५५५९४९.५२ | ० | ५४६५५५९४९.५२ |
| प्रदेश सरकार | १२ | २६०६३००० | २६०६३००० | ० | २६०६३०००. |
| १४००० अन्य राजस्व | | १००१५९५०.७३ | ६०६००४४.७३ | ० | ६०६००४४.७३ |
| ३३००० दायित्व | | ४००००००० | ० | ० | ०. |
| ख. अन्य प्राप्ति | | १८२२२६३१९ | १८१०९५०९१ | | १८१०९५०९१. |

| | | | | | |
|---|---|---|---|---|---|
| वितरण गर्न बाकी राजस्व | | ० | १३१६२४१ | ० | १३१६२४१. |
| कोषहरु | | १४००६७१९ | २५५९९७०७ | ० | २५५९९७०७. |
| धरौटी | | ० | ४२३४४४९ | ० | ४२३४४४९. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | १६८२१९६०० | १४९९४४६९४ | ० | १४९९४४६९४. |
| भुक्तानी (ग+घ) | | १०३०११०१६२.७३ | ८३६०५९८३३.६५ | | ८३६०५९८३३.६५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८४७८८३८४३.७३ | ६७०११४८६७.६५ | | ६७०११४८६७.६५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३०६५२८००० | २९३४२४८६१ | ० | २९३४२४८६१. |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ८३१००००० | ६४०८८०२७.१५ | ० | ६४०८८०२७.१५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | १८ | १६४६९००० | १५७५९००० | ० | १५७५९०००. |
| २६००० अनुदान | १८ | ० | ० | ० | ०. |
| २७००० सामाजिक सुरक्षा | १८ | १९६२१००० | १२६७१६६७ | ० | १२६७१६६७. |
| २८००० अन्य खर्च | १८ | २०००००० | १९२२६५० | ० | १९२२६५०. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ४२०१६५८४३.७३ | २८२२४८६६२.५ | ० | २८२२४८६६२.५ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ०. |
| घ. अन्य भूक्तानी | | १८२२२६३१९ | १६५९४४९६६ | | १६५९४४९६६. |
| कोषहरु | | १४००६७१९ | १४०७६४७५ | ० | १४०७६४७५. |
| धरौटी | | ० | १९२३७९७ | ० | १९२३७९७. |

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | १६८२१९६०० | १४९९४४६९४ | ० | १४९९४४६९४. |
| ङ. यो वर्षको बचत (न्युन) | | -७७०००००० | १२१५६१४८ | | १२१५६१४८.१६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३५२८२७५२.८४ | | ३५२८२७५२.८४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -७७०००००० | ४७४३८९०१ | | ४७४३८९०१. |
| बैंक तथा नगद बाकी | २४ | | ४१३४५९१३ | | ४१३४५९१३. |

४

**वितीय विवरणको विश्लेषण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्

- पालिकाले पेश गरेको आर्थिक विवरणमा कोष तथा लेखा नियन्तक कार्यालयबाट सोझै भुक्तानी हुने(CGAS) तर्फका सामाजिक सूरक्षा र गरिवसँग विश्ववशर लगायतका शिर्षक म.ले.प.फा.२७२ मा समावेश भएको देखिएन । उक्त खर्चहरु म.ले.फा.नं.२७२ को संघ तथा

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रदेश सरकारका अन्य कार्यक्रम तर्फ समावेश गरी आर्थिक विवरण प्रस्तुत गरीएको छ । जसअनुसार सुत्रबाट देखिएको आर्थिक विवरणबाट पालिकाको यथार्थ आर्थिक कारोबारको चित्रण भएको छैन ।<br>• पालिकाले पेश गरेको सुत्रबाट तयार गरेको आर्थिक विवरण म.ले.प.फा.नं. २७२ मा कोषहरु समेत गत वर्षको बाँकी मौज्दाततर्फ रु.४२००२०९७ देखिएकोमा यस वर्षको अत्यातर्फ रु.३५२८२८५२ मात्र जिम्मेवारी सरेको देखिन्छ । जसअनुसार सोही वित्तीय विवरणको अनुसूची १० मा संचितकोषको गत वर्षको बाँकी रु.३२२१२३५० र अअनुसूची १५ मा गत वर्षको बाँकी रु.७२६७६५७ समेत रु.३९४४८०००७ हने देखिन्छ । जसबाट सुत्रले तयार गरेको एकीकृत वित्तीय विवरण तथा अनुसूचीहरु बीच नै अंक भिडान नहुने तथा गत वर्षको मौज्दात रकम स्वतः अल्या नहुने भएकोले सुत्रले तयार गरेको वित्तीय विवरण यथार्थ छ भन्न सकिने अवस्था रहेन ।<br>• म.ले.प.फा.२७२ को वित्तीय विवरणमा धरौटी रु.१९२३७९७ र कोषहरु १४०७६४७५ गरी कुल अन्य प्राप्ती रु.१६०००२७२ मात्र हुनुपर्नेमा रु.१७५४६७६६ देखाई रु.१५४६४९४ ले खर्चमा फरक देखिन्छ । जसबाट सुत्रले जोड घटाउ गरी तयार गरेको म.ले.प.फा.२७२ विश्वसनीय देखिएन । यस सम्बन्धमा तालुक निकायले ध्यान दिनुपर्दछ<br>• म.ले.प.फा.२७२ को अनूसूची २४ अनुसार पालिकाको यस वर्षको मौज्दात बाँकी रु.४४३५७६८६ रहेकोमा सुत्रले तयार गरेको वित्तीय विवरणमा रु.४५८९२४०७ रहेको देखिन्छ । सुत्रले अनुसूची तथा वित्तीय विवरणमा देहाएको तथ्यांक रु.१५४६४९४ फरक देखाएको छ । उक्त फरक रकम अन्यप्राप्ती तर्फ बढी खर्च समावेश भएको देखाएको छ । तसर्थ पालिकाले तालुक निकायसँग समन्वय गरी हिसाब मिलान गर्नुपर्दछ ।<br>• लेखापरीक्षणका क्रममा फिर्ता पठाएको रकम लगायतका कारोबारहरु बैंक नगदी किताबमा समेश नभएको कारण पालिकाले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५ | | | **बायो–इञ्जिनियरिङ्ग**<br><br>सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मत÷सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू-क्षय रोक्नका लागि बायो–इञ्जिनियरिङ्ग कार्यसमेत गर्दै जानुपर्नेमा कार्यालयले त्यसतर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो-इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षातमा सञ्चालनमा आउन नसक्ने, वर्षातपछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू-क्षय तथा भू-स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखित पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ६ | | | **ठेक्का अभिलेख**<br><br>सार्वजनिक निकायले ठेक्का बन्दोबस्त गरि निर्माण गरेको कार्यहरुको विवरण स्पष्ट देखिने गरी ठेक्का अभिलेख खाता लेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा तयार गरी सुरक्षित राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ। यस कार्यालयले गत तथा यस वर्ष व्यवस्थापन गरेका ठेक्काहरुको विवरण स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको ढाँचामा ठेक्का अभिलेख राखेको पाईएन। जसबाट एक भन्दा बढी रनिङ बिल भुक्तानी तथा बहुवर्षीय योजनाको एकीकृत भुकानी अभिलेख प्राप्त हुन सकेन। तसर्थ तोकिएको ढाँचामा ठेक्का अभिलेख राख्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ । | |
| ७ | | | **परामर्श सेवा**<br><br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार लागत अनुमान तयारी गरी लागत अनुमानकै हाराहारीमा सम्झौता गरी देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । उक्त डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गरेको देखिएन । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । तसर्थ पालिकाको प्राविधिक जनशक्तिबाट गराउने तथा डी.पी.आर तयार भएका योजनालाई प्रथामिकतामा राखि बजेट विनियोजन गर्ने तथा योजना कार्यन्वय गर्नेतर्फ ध्यान दिनुपर्दछ ।<br><br>भौनं \| कार्य विवरण \| परामर्शदाता \| खर्च रकम<br>५४१ \| पालिकाको गुरुयोजना निर्माण तथा डीपीआर \| म्यापर्स नेपाल प्रालि \| ६९५०००<br>५३८ \| औद्योगिक क्षेत्रको डीपीआर \| पखरटेक्क नेपाल प्रालि \| ४९५५०५<br>\| जम्मा \| \| ११९०५०५ | |
| ८ | | | **पाईप जडान**<br><br>उपभोक्ता समितिसँले खरिद गरिएका पाईप लगाएतका सामाग्री जडान गरेको हुनुपर्दछ । गोभौ २५७ मिति २०७९।०३।२२ बाट थापाठाना तरकारी खेती साना सिचाई योजना उपभोक्ता समितिले ५० एमएम ५० मिटर, ४० एमएम १४६ मिटर र २० एमएम २२३९ मिटर पाईप रु.९००५७ मा खरिदमा जडान भएको देखिदैन् । उक्त पाईप जडान भएको प्रमाण पेश हुनुपर्दछ । रु. | ९०,०५७ |

| | | | | |
|---|---|---|---|---|
| ९ | | | **प्रदेश समपुरक अनुदानः**<br><br>पालिकाले लिमिठाना ठानामौला मोटर बाटो निर्माण कार्यको लागि रु.९११०८९७ को लाग अनुमान तयार गरी मिति २०७८।०८।२० मा उपभोक्ता समितिसँग सम्झौता गरेको छ । उपभोक्ता समिति यस वर्ष रु.९१७६९०० को कार्य गरी पालिकाले रु.७९४५००० खर्च लेखेको छ ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः | |
| ९.१ | | | सिमाभन्दा बढीको कार्यः सार्वजनिक खरिद नियमावली २०६४( मिति २०७८ चैत्रमा भएको १२ संशोधनभन्दा पहिले) को नियम ९७ मा ओभरहेड, मुल्य अभिवृद्धी कर, कन्टिन्जेन्सी तथा जनश्रमदान सहित रु १ करोड लागत अनुमान भएको कार्य मात्र उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था गरेको छ । तर कार्यालयले ओभरहेड र मुल्य अभिवृद्धी कर बाहेक रु.९११०८९७ लागत अनुमान भएको कार्यमा १५ प्रतिशतले हुने ओभरहेड रु.१३६६६३४ र तथा मूल्य अभिवृद्धी कर रकम रु.१३६२०७९ सहित रु.११८३९६१० लागत अनुमान भएको कार्य उपभोक्ता समितिबाट गराएको छ । जसअनुसार कार्यलयले सार्वजनिक खरिद नियमावलीको पालना गरेको देखिएन । तसर्थ खरिद कार्यमा प्रतिस्पर्धा हुने गरी खरिद कार्य गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ९.२ | | | उपभोक्ता समितिबाट कार्यः गण्डकी प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुदा नं १० को १-ग मा समपुरक अनुदानको रकमबाट उपभोक्ता समितिबाट कार्य गराउन नपाईने तथा बुदा नं १२-२ मा ठेक्का प्रकृयाबाट ई-विडिङ्ग गरी कार्य गर्ने व्यवस्था गरेको छ । तर पालिकाले उपभोक्ता समितिबाट कार्य गराई समपुरकबाट रु.३७००००० तथा पालिकाबाट रु.३९८०००० गरी विभिन्न ४ भौचरबाट रु.७६८०००० भुक्तानी दिएको छ । समपुरक कार्यविधि अनुसार उपभोक्ता समितिबाट गराउन नपाईने कार्य समितिबाट गराएको कानुन अनुसार देखिएन । तसर्थ कार्यविधि प्रतिकुल हुने गरी खर्च गेको रकम सोही कार्यविधिको बुदा नं १०-४ अनुसार प्रदेश समपुरक अनुदान तर्फको रकम प्रदेश संचितकोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ । रु | ३,९८०,००० |
| ९.३ | | | गण्डकी प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुदा नं १२-४ मा प्रदेश समपुरक अनुदानबाट संचालन हुने योजनाको लागत अनुमानमा बढीमा २ प्रतिशत मात्र कन्टिजेन्सी समावेश गर्न पाईने व्यवस्था छ । तर कार्यालयले तयार गरेको लागत अनुमानमा ४ प्रतिशतले हुने रु.३२०००० कन्टिन्जेन्सी समावेश गरी खर्च गरेको देखिन्छ । कार्यविधिले तोके भन्दा रु.१६०००० बढी रकम कन्टिजेन्सी तर्फ समावेश गरी खर्च लेखेको रकम पालिका श्रोतबाट खर्च लेखि प्रदेश संचितकोष फिर्ता गरेको प्रमाण हुनुपर्ने देखिन्छ । रु | १६०,००० |
| ९.४ | | | सब कन्ट्रयाकबाट कार्यः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट मालसामान खरिद सम्बन्धी कार्य गराउने नपाईने र उपभोक्ता समितिले पाएको कार्य समिति आफैले सम्पादन गर्नुपर्ने तथा उपभोक्ता समितिले सबकन्ट्रयाकबाट गराउन नपाउने उल्लेख छ । साथै उपभोक्ता समितिले पाएको कार्य सबकन्ट्रयकबाट गराएको पाईएमा उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गर्नुपर्ने व्यवस्था समेत गरेको छ । तर पालिकाले कार्यको लागि उपभोक्ता समितिसँग रु.९११०८९७ मा सम्झौता गरेकोमा उपभोक्ता | ३,७००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | समितिले रु.९१७६९०० को कार्य गरी पालिकाबाट रु.७६८०००० भुक्तानी लिएको देखिन्छ । उपभोक्ता समितिले कार्यालयमा भुक्तानीको लागि पेश गरेको विल परीक्षण गर्दा समितिले हिमालयन्स बिल्डर्स एण्ड एक्युपमेन्ट प्रालिबाट सिमेन्ट, गिटी, बालुवा, ह्युमपाईप खरिद तथा ढुवानी गरेको तथा खन्ने तथा ग्राभेलिङ्ग कार्यको लागि एक्साभेटर प्रयोग गरेको भनी ४ वटा कर विजकबाट रु.७८६५९०० भुक्तानी दिएको विल पेश गरेको छ । निर्माण कार्यको लागि दर्ता भएको संस्थाबाट खरिद गरेको देहाएकोले उक्त कार्य उपभोक्ता समितिले सब कन्ट्याक्टबाट गराएको होईन भन्ने सकिने अवस्था रहेन । नियमावलीमा भएको व्यवस्था अनुसार उपभोक्ता समितिबाट मालसामान खरिद सम्बन्धी कार्य गर्न नपाईने तथा उपभोक्ता समिति आफुले पाएको कार्य सबकन्ट्याकबाट गराएको नियमिति देखिएन ।रु (नोटः फिर्ता गर्नेतर्फ रु ३९६०००० बेरुजू कायम भएकोले पूरै रकम लगती कायम गर्दा एकै रकम दोहोरो बेरुजू कायम हुने भएकोले फिर्ता गर्नुपर्ने रकम घटाई बाँकी रकम मात्र लगती कायम गरिएको छ । ) | |
| १० | | | **प्रशासकीय भवन**<br><br>कार्यालयले प्रशासकीय भवन निर्माण कार्यको लागि रु.१४४२४०२८९ को लागत अनमान तयार गरेको गरी बोलपत्र आहवान गरेकोमा काली गण्डकी प्रदीप जुम्ली जेभीले उक्त भवन रु.९७९१८५२० मा सम्पन्न गर्ने गरी पालिकासँग मिति २०७८।०५।२१मा सम्झौता गरको छ । पालिका र निर्माण व्यवसायि बीच भएको सम्झौता अनुसार उक्त भवन निर्माण कार्य मिति २०७९।१२।०५ भित्र समपन्न गर्नुपर्ने देखिएकोमा लेखापरीक्षण अवधि मिति २०७९।०५।०४ सम्म रु.१५९४०१९४ मात्र को कार्य भएको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | |
| १०.१ | | | कार्य तालिकाः निर्माण व्यवसायि र कार्यलय बीच भएको सम्झौताको GCC ३४.३ मा निर्मण व्यवसायिले उक्त भवन निर्माण कार्य अन्तरगत कुन कार्य के कति समय भित्र सक्ने भनी कार्यालयमा कार्यलातिका सम्झौता भएको ३० दिन भित्र पेश गर्नुपर्ने व्यवस्था गरेको छ । तर निर्माण व्यवसायिले सम्झौतामा उल्लेख भए अनुसार कार्य तालिका तयार गरी कार्यालयमा पेश गरेको देखिएन । जसबाट उक्त भवन निर्माण कार्य सम्झौता अनुसारको तोकीएको समयभित्र निर्माण सम्पन्न हुने विषयको अनुगम गर्न सकिने अवस्था छैन । तसर्थ पालिकाले सम्झौतामा उल्लेख भए अनुसार कार्यतालिका पेश गर्न लगाई सोही कार्य तालिका अनुसार कार्य भए नभएको अनुगमन गर्नु पर्दछ । | |
| १०.२ | | | बजेट अभावः पालिकाको प्रशासकीय भवन निर्माणको लागि अन्तरसरकारी अख्तियारी अन्तरगत यस वर्ष रु.८० लाख बजेट तथा पालिकाबाट रु.२ करोड बजेट व्यवस्था भएको देखिन्छ । जसअनुसार निर्माण व्यवसायिले साझौता अनुसार मिति २०७८।०६।२५ मा प्रथम किस्ता वापत रु.८६०७१०९, मिति २०७८।१०।२५ मा रु.४९७१९९९ र मिति २०७८।१२।०८ मा रु.३०२९५०० गरी रु.१६६०८६०८ मोविलाईजेसन पेश्की भुक्तानी लिएको देखिन्छ । त्यसैगरी निर्माण व्यवसायिले मिति २०७९।०३।०२ मा रु.१५९४०१९३ को प्रथम रनिङ्ग विल पेश गरेकोमा पालिकाबाट रु.१०६९०५३० मात्र भुक्तानी गरेको छ । जसअनुसार निर्माण व्यवसायिबाट पेश भएको प्रथम रनिङ्ग | |

<table>
<tr><td></td><td></td><td></td><td>विलको रु.५२४९६६३ लेखापरीक्षण अवधिसम्म पनि भुक्तानी भएको देखिदैन । यस समबन्धमा छलफल गर्दा पालिकाबाट बजेट नभएकोले उक्त भुक्तानी हुन नसकेको कार्यालयको भनाई रहेको छ । साथै लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गर्दा निर्माण व्यवसायसबाट प्रथम विल पेश भए पश्चात थप कार्य नभएको तथा निर्माण स्थलमा कार्य भई रहेको देखिएन । त्यसैगरी प्रथम विलको रकम भुक्तानी भए पश्चात कार्य अगाडी बढाउने निर्माण व्यवसायिको भनाई रहेको जानकारी समेत प्राप्त भएकोले पालिकाले उक्त भवन निर्माणको लागि आवश्यक बजेट विनियोजन गरी यथाशिघ्र निर्माण कार्य अधिबढाउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१०.३</td><td></td><td></td><td>Quality Assurance Plan: Standard Specification तथा मापदण्ड अनुसार निर्माण गरिएका संरचनाहरुको गुणस्तर कायम हुनु पर्दछ सार्वजनिक निर्माण कार्यको सम्झौता गर्दा निर्माण व्यवसायीबाट Quality Assurance Plan (QAP) पेश गर्न लगाई गुणस्तर कायम गरी निर्माण कार्य गराउनुपर्दछ । निर्माण व्यवसायिले निर्माण सामाग्री तथा कंक्रीटीङ्ग कार्यको लागि QAP कार्यालयमा पेश गरेको देखिएन । साथै निर्माण व्यवसायीहरुसँग भएको सम्झौताको GCC 33 तथा Techincal Specification अनुसार भवनको योजनाको रनिङ्ग बिल भुक्तानी गर्दा आर.सि.सी. कार्यमा प्रयोग हुने क्रंक्रिटको क्यूब टेष्ट तथा फलामे डण्डीको टेन्साइल टेष्ट गरेको ल्याब टेष्ट रिपोर्ट समेत संलग्न रहेको पाइएन । यस्तो अवस्थामा निर्मित संरचनाको गुणस्तरमा आश्वस्तता प्राप्त गर्न कठिनाइ हुने तथा आन्तरिक नियन्त्रण कमजोर हुने हुदा यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१०.४</td><td></td><td></td><td>पेश्कीको म्यादः कार्यलयले सम्झौता अनुसार काली गण्डकी प्रदीप जेभीलाई देहाय अनुसार रु.१६६०८६०८ मोविलाईजेसन पेश्की दिएकोमा उक्त पेश्की म्याद देहाय अनुसार मितिमा समाप्त भएको देखिन्छ । उक्त पेश्कीको म्याद थप भएको प्रमाण पेश हुनुपर्दछ । अन्यथा उक्त पेश्की रकम असूल हुनुपर्दछ । रु
<table>
<tr><th>पेश्की दिएको मिति</th><th>पेश्की रकम</th><th>जमानतको म्याद</th><th>बैक</th></tr>
<tr><td>२०७८।०६।०२</td><td>८६०७१०९</td><td>२०७८।११।२०</td><td>प्रभु बैक, पर्वत</td></tr>
<tr><td>२०७८।१०।२५</td><td>४९७१९९९</td><td>२०७९।०४।१५</td><td>प्रभु बैक, पर्वत</td></tr>
<tr><td>२०७८।१२।०८</td><td>३०२९५००</td><td>२०७९।०४।१५</td><td>प्रभु बैक, पर्वत</td></tr>
<tr><td>जम्मा</td><td>१६६०८६०८</td><td></td><td></td></tr>
</table></td><td>१६,६०८,६०८</td></tr>
<tr><td>११</td><td></td><td></td><td>जटील संरचना</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका कार्यालय तथा अन्य भवन, विद्युतीकरण पिचलगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| १२ | | | **गैर सरकारी संस्थालाई सहायता**<br><br>असम्बन्धि खर्चः स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहले चन्दा तथा आर्थिक सहायता दिने मिल्ने व्यवस्था गरेको देखिदैन । पालिकाले गोभौ ५६४ मिति २०७९।०३।२४ बाट फिर्नचर खरिद, प्रोफाईल तयारी, तालिम संचालन लगायताका कार्यको लागि गैर सरकारी संस्थाको क्षमता विकास तथा समन्वय शिर्षकबाट गैरसरकारी महासंघ नेपाललाई रु.३ लाख भुक्तानी दिएको पाईयो । पालिकाले संघ तथ प्रदेश सरकारबाट प्राप्त बाँडफाँड तथा समानीकरण अनुदानबाट गैर सरकारी संस्थालाई सहायता दिन पाउने कानुनी व्यवस्था नभएको उक्त अनुदान दिएको रकम नियमित देखिएन । रु | ३००,००० |
| १३ | | | **हेभी मेसिनको प्रयोग**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| १४ | | | **पिपिसी सिमेन्टको प्रयोग**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै उपभोक्ता समितिसँग भएको सम्झौतामा समेत कार्यालयले तोके भन्दा फरक गुणस्तरमा कार्य गरेमा कार्यालयबाट भुक्तानी नहुने उल्लेख छ । कार्यालयले देहायका योजनामा ओ.पि.सि. सिमेन्टको प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले पि.पि.सि. सिमेन्ट खरिद गरी प्रयोग गरेको मू..अ.कर बिजक समावेश गरेकामा समेत कार्यालयले लागत अनुमानकै दरमा भुक्तानी गरेको छ । जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.९३२ (मू.अ.कर सहित) र पि.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.८१३ (मू.अ.कर सहित) रहेको छ । जसबाट एकातर्फ तोकिएको गुणस्तर बमोजिमको कार्य भएको | ३१,२७० |

<table>
<tr><td></td><td></td><td></td><td>छैन भने आर्कोतर्फ प्रति बोरा रु.११८का दरले बढी भुक्तानी भएको छ । तोकिएको गुणस्तरमा कार्य नभएको अवस्थामा यसले निर्माण कार्यको दिगोपनामा असर गर्ने देखिन्छ । नमुना छनौट गरिएका तपसिल बमोजिमको योजनामा तोकिए भन्दा फरक गुणस्तरको निर्माण सामाग्रीको प्रयोग भएको अवस्थामा समेत लागत अनुमान कै दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.
<table>
<tr><td>गो.भौ.</td><td>योजनाको नाम</td><td>खरिद गरिएको विलका<br><br>सिमेन्टको सप्लायर्स</td><td>खरिद विलअनुसार<br><br>सिमेन्ट बोरा संख्या</td><td>बढी भुक्तानी</td></tr>
<tr><td>५८३ पुजिगत</td><td>वडा कार्यालय घडेरी व्यवस्थापन उस</td><td>श्री जय श्रीराम टेड्रर्स ६०४२२०४६२</td><td>६५</td><td>७६७०</td></tr>
<tr><td>१६६ सशर्त</td><td>भूमे निमावि २ कोठे भवन निर्माण समिति</td><td>श्री धवलागिरी हार्डवेयर सेन्टर ३०११०४३९३</td><td>१२०</td><td>१४१६०</td></tr>
<tr><td></td><td></td><td>रश्मी हार्डवेयर ६०००७१४९१</td><td>३०</td><td>३५४०</td></tr>
<tr><td></td><td></td><td>डहरे देउराली ग्रिल उद्योग ६०३३२५७४०</td><td>५०</td><td>५९००</td></tr>
<tr><td></td><td></td><td></td><td>२६५</td><td>३१२७०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>पिसिसिमा बढी दर<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक तर्फको संरचना निर्माण गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स २००० को मेसिन प्रयोग गरी १:२:४ को कार्यको प्रति घ.मि.रु.१०३७१ मात्र हुने देखिन्छ । तर कार्यालयले सडक निर्माणको लागि आवश्यक दर विश्लेषण नगरी भवन निर्माणतर्फ प्रति घ.मि.रु.१२३९५ प्रयोग गरेको छ । जसअनुसार स्वीकृत नर्म्स अनुसार प्रति घनमिट रु. २०२४ का दरले बढी हुने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिसँग लागत अनुमानकै दरमा सम्झौता भई सोही दरमा भुक्तानी भएकोले निम्नानुसारको रकम बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत नर्म्स तथा दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.</td><td>२३४,९६६</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>गो.भौ.</td><td>उपभोक्ता समिति</td><td>कार्य</td><td>परिमाण घ.मि.मा</td><td>बढी दर रु.</td><td>बढी भुक्तानी रु</td></tr>
<tr><td>१५ प्रदेश</td><td>लिमाठाना ठानामौला मोटरबाटो उस</td><td>१:०२:०४</td><td>११६.०९</td><td>२०२४</td><td>२३४९६६</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>१६</td>
<td></td>
<td></td>
<td>पल्म वालमा बढी दर<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको स्वीकृत दर अनुसार ६० प्रतिशत कंक्रीट तथा ४० प्रतिशत ढुंगाको पल्मवाल निर्माण दर प्रति घनमिटर ७३३३ कायम गरेको छ । सोही प्रयोग गरी विभिन्न योजनाको भुक्तानी पनि दिएको छ ।(सडक बोर्डतर्फको योजनामा रु.७३३३ प्रयोग भएको छ।) तर प्रदेशतर्फ गोभौ १५ बाट लिमाठाना ठानौला मोटरबाटो उपभोक्ता समितिलाई सडक ड्रेन निर्माण कार्यको लागि सोही पल्मवालको लागि प्रति घनमिटर रु.८५५८ का दरले भुक्तानी दिएको छ । पालिकाबाट संचालन भएका योजनामा एकै प्रकारको दर प्रयोग गर्नुपर्ने यस सडकको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार प्रति घनमिट रु. १२२५ का दरले बढी हुने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिसँग लागत अनुमानकै दरमा सम्झौता भई सोही दरमा भुक्तानी भएकोले निम्नानुसारको रकम बढी भुक्तानी भएको देखिन्छ । जसबाट उक्त योजनमा २७१.५२ घनमिटर कार्यमा प्रति घनमिटर रु.१२२५ क दरले रु.३३२६१२ बढी भुक्तानी भएको देखिन्छ । उक्त रकम असूल हुनुपर्दछ ।रु.</td>
<td>३३२,६१२</td>
</tr>
<tr>
<td>१७</td>
<td></td>
<td></td>
<td>स्टोन वालमा बढी दर<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक तर्फको संरचना निर्माण गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स २६०० प्रयोग गरी दरविश्लेषण गर्दा ढुंगाको पार्खल लगाउने कार्य १:६ को प्रति घ.मि.रु.८४७१ तथा १:४ को प्रति घ.मि.रु.८९४५ हुने देखिन्छ । तर कार्यालयले सडक निर्माणको लागि आवश्यक दर विश्लेषण नगरी भवन निर्माणतर्फ १:६ को प्रति घ.मि.रु.९७३६ तथा १:४ को प्रति घ.मि.रु.११७८४ प्रयोग गरेको छ । जसअनुसार स्वीकृत नर्म्स अनुसार १:६ मा प्रति घनमिट रु.१२६५ र १:४ मा प्रति घनमिटर रु.२८३९ का दरले बढी हुने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिसँग लागत अनुमानकै दरमा सम्झौता भई सोही दरमा भुक्तानी भएकोले निम्नानुसारको रकम बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत नर्म्स तथा दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी भएको रकम असूल हुनुपर्दछ । रु.
<table>
<tr><td>गो.भौ.</td><td>उपभोक्ता समिति</td><td>कार्य</td><td>परिमाण घ.मि.मा</td><td>बढी दर रु.</td><td>बढी भुक्तानी रु</td></tr>
</table>
</td>
<td>६१८,७०८</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५ प्रदेश</td><td>लिमाठाना ठानामौला मोटरबाटो उस</td><td>१:०६</td><td>४६.३६</td><td>१२६५</td><td>५४८५०</td></tr>
<tr><td>१६ प्रदेश</td><td>नुवार तिवारी सडक निर्माण उस</td><td>१:०४</td><td>६७.८२</td><td>२८३९</td><td>१९२५४१</td></tr>
<tr><td>१४ प्रदेश</td><td>साईकलचोक चुचुन देउराली सडक सुधारे खण्ड उस</td><td>१:०६</td><td>२२४.६७</td><td>१२६५</td><td>२८४२०८</td></tr>
<tr><td>५०८ पुगिगत</td><td>भित्रि चक्रपथ स्तरवृद्धि उस (दर रु.१०७०३ प्रयोग भएको)</td><td>१:०४</td><td>४९.५५</td><td>१७५८</td><td>८७१०९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>६१८७०८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>योजना हस्तान्तरण<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ११ ले उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागीताबाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गनुपर्ने र त्यसरी प्राप्त भएको विवरणको अभिलेख सम्बन्धित निकायले राख्नुपर्ने र निर्माण कार्य सम्पन्न भएपछी सोको रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति या लाभग्राही समुदायलाई नै हस्तान्तरण गनुपर्ने व्यवस्था उपनियम १२ मा छ । कार्यालयले यस आर्थिक वर्षमा सम्पन्न आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरेको अभिलेख उपभोक्ता समिति मार्फत सञ्चालित आयोजना समितिलाई नै हस्तान्तरण गरि मर्मत सम्भार र दिगो व्यवस्थापन गराउने सम्बन्धमा पहल हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>फरवार्ड तथा रिभर्स फिड<br><br>सामाजिक सुरक्षा नियमावली २०७७ को नियम २३(१)मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताकोचौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूचीध बमोजिमको ढाँचामा तयार गरी सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने तालुक निकायमा पठाउनु पर्ने उल्लेख छ । साथै पालिकाले बैकसँग गरेको सम्झौताअनुसार रकम निकासा भएको तथा फरवार्ड फिड गरेको १५ दिन भित्र बैंकले रकम जम्मा गरी रिभर्स फिड गर्नुपर्ने उल्लेख गरेकोमा बैकले १ महिना भन्दा बढी समय पश्चात रिभर्स फिड गर्ने गरेको पाईयो । जसअनुसार पालिकाबाट तोकीउको समयाविध भित्र तालुक निकायमा प्रतिवेदन भएको पाईइन । तसर्थ सम्झौताको पालना गरी समयमै फरवार्ड तथा रिभर्स फिड गर्ने र प्रतिवेदन गर्नेतर्फ ध्यानदिनुपर्ने देखिन्छ।</td><td></td></tr>
</table>

<table>
<tr>
<td>२०</td>
<td></td>
<td></td>
<td>लगत अध्यावधिक<br><br>सामाजिक सुरक्षा नियमावली, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकामा बैकबाट भत्ता वितरण गरेकोमा लगत कट्टा तथा थप भएको लाभग्राही विवरण प्राप्त हुन सकेन । लाभग्राहीलको आफन्त मृत्युदर्ता गर्न आएको अवस्थामा मात्र मृत्यु दर्ता गरी लगत कट्टा गरिने जानकारी प्राप्त भएकोले पालिकाले पेश गरेको विवरण तथा लगात कट्टा अभिलेख व्यवस्थित छ भन्न सकिने अवस्था रहेन । तसर्थ पालिकाले यस सम्बन्धमा अनुगमन गरी बैंकमा रकम निकासा भए अनुसार सम्बन्धितले भत्ता बुझेको यकिन गरी लाभग्राही अभिलेख अध्याविधक तथा सुचना फाईल व्यवस्थित गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>२१</td>
<td></td>
<td></td>
<td>राष्ट्रपति शैक्षिक सुधार<br><br>सार्वजनिक खरिद नियामावली २०६४ को नियम १२५ अनुसार निर्माण कार्य सम्पन्न भए पश्चात कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तगत गोभौ १५० मिति २०७९।०३।२३ बाट देहाय हनुसार विद्यालयहरुलाई २ कोठे र ४ कोठे भवन निर्माणका लागि पेश्की जनाई विद्यालयको खातामा एकमुष्ठ रकम निकासा दिएको छ । कार्यसम्पन्न भए पश्चात फुकुवा हुने गरी खाता रोक्का राखि निकासा दिएको पालिकाको भनाईरहेको छ । तसर्थ निर्माण कार्य सम्पन्न भएको देखिने कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ । रु
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>भवन</th><th>रकम</th></tr>
<tr><td>1.</td><td>श्री अन्नपुर्ण माध्यमिक विद्यालय</td><td>४ कोठे भवन</td><td>३६०००००</td></tr>
<tr><td>2.</td><td>श्री राम माध्यामिक विद्यालय</td><td>४ कोठे भवन</td><td>३६०००००</td></tr>
<tr><td>3.</td><td>श्री लिमिठाना माध्यामिक विद्यालय</td><td>४ कोठे भवन</td><td>३६०००००</td></tr>
<tr><td>4.</td><td>श्री शारादा माध्यामिक विद्यालय</td><td>४ कोठे भवन</td><td>३६०००००</td></tr>
<tr><td>5.</td><td>श्री शिशु कल्याण प्राथमिक विद्यालय</td><td>४ कोठे भवन</td><td>३६०००००</td></tr>
</table></td>
<td>२३,४००,०००</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>6.</td><td>श्री जन जागृती आधारभुत विद्यालय</td><td>२ कोठे भवन</td><td>१८०००००</td></tr>
<tr><td>7.</td><td>श्री गहते आम्बवोटे आधारधुत विद्यालय</td><td>२ कोठे भवन</td><td>१८०००००</td></tr>
<tr><td>8.</td><td>श्री सरस्वती आभारभुत विद्यालय</td><td>२ कोठे भवन</td><td>१८०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२३४०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>नमुना विद्यालय अनुदान<br><br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ९.१२ मा नमुना विद्यालयले स्वीकृत गुरुयोजनाको परिधिभित्र रही न्यूनतम तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी विद्यालयले प्रस्ताव पेश गर्ने र पालिका र विद्यालय बीच सम्झौत गरी स्वीकृत क्रीयाकलापमा खर्च भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोभौ २७० मिति २०७९।०३।२४ मा विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादन मा आधारित प्रोत्साहन अनुदान वापत मोटेदेवल जनसहयोगी प्राविधिक तथा व्यवसायिक माविलाई रु.३० लाख र भवानी विद्यापिठ माविलाई रु.३० लाख अनुदान दिएको छ । तर उक्त अनुदान रकमबाट विद्यालयले प्रास्ताव अनुसार कार्य गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन तथा तालुक निकायमा तोकीए बमोजिमको ढाँचामा प्रतिवेदन भएको देखिएन । तसर्थ कार्यक्रम कार्यमन्वयन पुस्तिका तोकीए बमोजिम पालिकाबाट अनुगमन गरी प्रस्ताव अनुसार कार्य भएको प्रमाण पेश हुनुपर्दछ । रु</td><td>६,०००,०००</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>आईसिटी ल्याव<br><br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने सम्बन्धी व्यवस्था छ । सोही क्रीयाकलापको प्रगति सुचकमा विद्यालयले कार्यक्रम सम्पन्न भएको प्रगति पालिकामा पेश गर्नुपर्ने तथा सोही अनुरुप कार्य भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन हुनुपर्ने व्यवस्था छ । तर पालिकाले गोभौ १४९ मिति २०७९।०३।२३ बाट देहाय अनुसार विद्यालयलाई निम्नानुसारको रकम पेश्की वापत निकासा दिएको छ । पालिकाबाट निकासा भए अनुसार विद्यालयबाट कार्य भएको तथा विद्यालय व्यवस्थापन समितिको निर्णय तथा खर्चको प्रगति प्रतिवेदन पालिकामा पेश भएको तथा पालिकाबाट अनुगमन भएको विवरण लेखापरीक्षणको क्रममा पेश भएन । तसर्थ कार्यक्रम कार्यन्वयन पुस्तिका अनुसार खर्च भएको देखिने प्रगित प्रतिवेदन तथा पालिकाबाट भएको अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ । रु</td><td>३,२५०,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं.</td><td>विद्यालयको नाम</td><td>कार्यक्रमको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>श्री थापाठान माध्यामिक विद्यालय</td><td>आईटी ल्याव स्थापना, सुद्दढीकरण एवं डिजिटल लाईवेरी स्थापना</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>श्री त्रिभुव माध्यामिक विद्यालय</td><td>आईटी ल्याव स्थापना, सुद्दढीकरण एवं डिजिटल लाईवेरी स्थापना</td><td>६५००००</td></tr>
<tr><td>३</td><td>श्री जनसहयोगी माध्यामिक विद्यालय</td><td>आईटी ल्याव स्थापना, सुद्दढीकरण एवं डिजिटल लाईवेरी स्थापना</td><td>६५००००</td></tr>
<tr><td>४</td><td>श्री निकेतन माध्यामिक विद्यालय</td><td>आईटी ल्याव स्थापना, सुद्दढीकरण एवं डिजिटल लाईवेरी स्थापना</td><td>६५००००</td></tr>
<tr><td>५</td><td>श्री भवानी विद्यापीठ माध्यामिक विद्यालय</td><td>आईटी ल्याव स्थापना, सुद्दढीकरण एवं डिजिटल लाईवेरी स्थापना</td><td>६५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३२५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>शिक्षक दरवन्दी तथा पदपुर्ती<br><br>पालिकाबाट प्राप्त विवरण अनुसार यस नगरपालिकाभित्र ५९ सामुदायिक विद्यालय सन्चालनमा रहेका छन । ५९ विद्यालयमा ३७५ जना शिक्षक दरबन्दी तथा पदपुर्ति भएको छ । उक्त पदपुर्ति मध्ये १२४ जना करार र २५१ जना स्थायी दरबन्दीमा कार्यरत छन ।साथै ५९ विद्यालयमा कुल ४९५१ जना विद्यार्थि रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन ।<br>• पालिकाबाट प्राप्त विवरण अनुसार श्री मनकामना प्रावि कुर्घा, जनाता प्रावि लिमिठाना, सरस्वती प्रावि थापठाना र प्रजातन्त्र प्रावि कार्कीनेटामा शिक्षक शुन्य दरवन्दी रहेकोमा उक्त विद्यालयहरुमा क्रमशः ६, १४, ६ र ७ जना विद्यार्थि रहेको देखिन्छ ।<br>• पालिकाबाट प्राप्त विवरण अनुसार कुल स्वीकृत दरवन्दी भन्दा ३२ जना शिक्षक दरवन्दी मिलान भई बढी रहेकोमा उक्त शिक्षकहरु व्यवस्थापन वेगर १२४ जना करारमा राखेको देखिन्छ ।<br>पालिकाले विद्यार्थीको तथा शिक्षक अनुपात मिलान हुने गरी शिक्षक दरबन्दी मिलान गरी नपुग हुने शिक्षकमात्र करारतर्फ राख्ने तथा स्थायी पदपुर्तीको लागि शिक्षक सेवा आयोगसँग माग गरी विद्यालयको शैक्षिक गुणस्तरमा सुधारगर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>दिवा खाजा<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष ५३ विद्यालयलाई दिवा खाजा वापत</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | विद्यालयले उपलब्ध गराएको तथ्यांकको आधारमा रु.५७२४०४५ उपलब्ध गराएको छ । विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ । | |
| २६ | | | **शिक्षकको तलबमा बढी निकासा**<br><br>***.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई भई पेश भएको आधारमा मिति २०७९। १२।२६ को निर्णयबाट रु. १२६८००।- सम्परीक्षण गरिएको ।)*** | |
| २७ | | | **शिर्षक फरक पारी खर्च**<br><br>एकीकृत आर्थिक संकेत वर्गिकरण र व्यख्या २०७४ अनुसार तोकीएको शिर्षक फरक नपर्ने गरी खर्च गर्नुपर्ने उल्लेख छ । कार्यक्रम कार्यान्वयन पुस्तीक २०७८।७९ को क्रयाकलप नं २.७.१३.४२ मा कोभिडका कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तरगत सिकाई सामाग्रीका लागि ५० भन्दा बढी विद्यालय भएको पालिकाले रु. ५ लाख सम्म खर्च गर्न सक्ने उल्लेख छ । तर पालिकाले गोभौ २८७ मिति २०७९।०३।२४ मा निरन्तर मुल्यांकन पुस्तीका तयारका लागि बैठक भत्ता, टाईपिङ्ग तथा छपाई र विविधमा रु.४८९५१७ खर्च लेखेको छ । जसअनुसार बजेट विनियोजन भए अनुसार खर्च नभई शिर्षक फरक पारी खर्च लेखांकन भएको देखिन्छ । तसर्थ शिर्षक फरक पारी खर्च लेखेको रकम तालुक निकायबाट नियमित हुनुपर्दछ अन्यथा पालिका श्रोतबाट खर्च लेखी संघीय संचितकोष दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।रु | ४८९,५१७ |
| २८ | | | **क्याम्पसलाई अनुदान**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले माध्यामिक तह सम्मको शिक्षा मात्र स्थानीय तहको अधिकार क्षेत्र रहेको उल्लेख छ । उच्चमाध्यामिक शिक्षा समबन्धि कार्य संघ तथा प्रदेश सरकारसँगको समन्वय वेगर पालिकाबाट गर्न पाउने देखिदैन । तर यस पालिकाले यस वर्ष बहुमुखी क्याम्पसलाई अनुदान भनी रु.२१ लाख बजेट व्यवस्था गरी पर्वत बहुमुखि क्याम्पसलाई रु.१० लाख १७ हजार १२०, अन्नपूर्ण बहुमुखी क्याम्पसलाई रु.५ लाख ८ हजार ५६० र शंकरपोखरी बहुमुखि क्याम्पसलाई रु.५ लाख ८ हजार ५६० गरी रु.२० लाख ३४ हजार २४० खर्च लेखेको छ । उक्त अनुदानबाट क्याम्पस प्रमुख लगायतले पारिश्रमिक बुझेको भनी पालिकाबाट अनुदान उपलब्ध गराएको भरपाई पेश भएको छ । पालिकाबाट प्राप्त अनुदान रकम क्याम्पसको आय व्यायमा समावेश गरी सोको सामाजिक तथा सर्वजनिक परीक्षण तथा लेखापरीक्षण प्रति पालिकालाई उपलब्ध नगराएको कारण पालिकाबाट निकासा भएको रकमबाट तलब भत्ता तथा पारीश्रमिक भुक्तानी लिने क्याम्पस प्रमुख लगायतले क्याम्पसबाट दोहोरो सुविधा नलिएको भन्न सकिने अवस्था रहेन । तसर्थ | २,०३४,२४० |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाको अधिकार क्षेत्र बाहिर रहेको बहुमुखि क्याम्पसलाई अनुदान दिने कार्यमा नियन्त्रण गरी यस वर्ष निकासा भएको रकम क्याम्पसको आय व्यायमा समावेश गरी सोको सामाजिक तथा सर्वजनिक परीक्षण र लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ । | |
| २९ | | | **नमुना विद्यालय भौतीक पूर्वाधार अनुदान**<br><br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ८.३ मा नमुना विद्यालयले स्वीकृत गुरुयोजनाको परिधिभित्र रही न्यूनतम पूर्वाधारहरुको प्राथमिकतामा उल्लेख गरेका क्षेत्रमा भौतिक निर्माण कार्यमा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । साथै सोही क्रीयाकलापमा साथै विद्यालयबाट स्वीकृत लागत अनुमान अनुसार अनुदान रकम माग गर्ने लगाई स्वीकृत गरी प्रथम किस्ता वापत सम्झौता रकमको ५० प्रतिशत अनुदान निकासा दिने, स्टक्चरलपार्टको कार्य सकिय पश्चात ३० प्रतिशत र कार्य सम्पन्न भए पश्चात २० प्रतिशत रकम अनुदान व्यवस्था रहेको छ । पालिकाले यस वर्ष नमुना विद्यालय भौतीक पूर्वाधार विकास कार्यक्रम अन्तरगत भवानी विद्यापिठ माविलाई आर्थिक वर्षको अन्तमा रु. १ करोड पेश्की कायम गरी निकासा दिएकोछ । जसबाट कार्यक्रम कार्नव्यन पुस्तिकामा उल्लेख भएको व्यवस्थाको पलना भएको देखिएन । साथै लेखापरीक्षण अवधिसम्म पनि कार्य सूरु भएको देखिएन । तसर्थ निकासा भएको पूर्वाधार अनुदान रकमबाट निर्माण कार्य भएको देखिने नापी कताब तथा कार्यसम्पन्न प्रतिवेदन पशे हुनुपर्दछ । रु | १०,०००,००० |
| ३० | | | **पाठ्यपुस्तकमा बढी निकासा**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं.३.१ को ५ मा तेस्रो त्रैमासिकमा पाठ्यपुस्तकबापतको रकम हिसाब गरि ७५ प्रतिशत रकम अनुदान दिने र विद्यालयबाट प्राप्त विवरणको भरपाई तथा पुस्तक खरिदको विवरण अनुसार थप २५ प्रतिशत रकम निकासा दिने व्यवस्था गरेको छ । तर पालिकाले गोभौ २६६ मिति २०७९।०३।२३ बाट ५३ विद्यालयलाई कक्षा १ देखि ५ सम्मको १०० प्रतिशतले हुने रकम रु.९५३६८५ निकासा दिएकोमा विद्यालयबाट उक्त रकमबाट पुस्तक खरिद गरी वितरण गरेको वरण पालिकामा पेश भएको देखिएन । जसअनुसार पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका उल्लेख भए भन्दा २५ प्रतिशतले हुने बढी रु.२३८४२१ बढी निकासा दिएको देखिन्छ । तसर्थ पालिकाले अनुगमन गरी निकासा भए अनुसारको रकमबाट पाठ्यपुस्तक खरिद गरी वितरण गरेको प्रमाण पेश हुनुपर्दछ । अन्यथा कार्यक्रम कार्यन्वयन पुस्तीकामा उल्लेख भए भन्दा बढी निकासा भएको रकम असूल हुनुपर्दछ । रु | २३८,४२१ |
| ३१ | | | **सामाजिक परीक्षण** | ५८०,००० |

<table>
<tr><td></td><td></td><td></td><td>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ को क्रियाकलाप नं.२.७.१३.१ मा सामाजिक परीक्षण तथा लेखापरीक्षणको लागि अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष १४ विद्यालयलाई रु.१५ हजारका दरले र ३८ विद्यालयलाई रु.१० हजारका दरले रु.५८०००० निकासा दिएको छ । तर विद्यालयबट सामाजिक लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पालिकामा पेश भएको देखिएन । तसर्थ सामाजिक परीक्षण प्रतिवेदन पशे हुनुपर्दछ । रु</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>बढी तलब<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई भई पेश भएको आधारमा मिति २०७९/ १२/२३ को निर्णयबाट रु. २२०३८/- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>स्तरवृद्धी रद्द<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई भई पेश भएको आधारमा मिति २०७९/ १२/२३ को निर्णयबाट रु. ५५००/- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>शिर्षक फरक<br><br>एकीकृत आर्थिक संकेत वर्गिकरण र व्यख्या २०७४ अनुसार तोकीएको शिर्षक फरक नपर्ने गरी खर्च गर्नुपर्ने उल्लेख छ । तर यस पालिकाकाले गोभौ ११० मिति २०७८।१२।२९ मातृ तथा नवशिशु कार्यक्रम शिर्षकबाट करारतर्फको तलबमा रु.११४४४० र गोभौ १०२ मिति २०७८।१२।१७ स्थानीय तहका स्वास्थ्य कर्मीको तलब शिर्षकबाट पार्वत आयल डिष्ट्रीव्युर्सलाई ईन्धन वापत रु.३००१९९ खर्च गरेको छ । जसबाट पालिकाले एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्याको पालना भएको देखिएन । तसर्थ शिर्षक फरक पारी खर्च लेखेको रकम रु.४१४२३९ नियमित हुनुपर्दछ ।</td><td>३००,१९९</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>दोहोरो सुविधा<br><br>जिल्ला तथा पालिका बाहिर भ्रमणमा रहेको व्यक्ती सोही अवधिमा कार्यालयको बैठक तथा कार्यक्रममा उपस्थित हुने देखिदैन । तर निम्मनानुसार कर्मचारीहरु एकै पटक भ्रमण तथा अनुगमनमा रहेको भनी दोहोरो भत्ता भुक्ती ल एकोले उक्त रकम असूल हुनुपर्दछ । रु<table><tr><td>नाम</td><td>विवरण</td><td>रकम</td></tr></table></td><td>१८,१००</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>स्वास्थ्य संयोजक श्री रुद्रनाथ शर्मा</td><td>मिति २०७८।१२।०६ देखि मिति ११ सम्म कोभिडखोप योजना तथा आई एम यु ईन्ट्रीको तरीका सम्बन्धी जानकारी लिन कुश्मा स्वास्थ्य कार्यलायमा गएको भनी रु.९६०० भ्रमण खर्च भुक्तानी सोही मिति २०७८।१२।०६ देखि १७ सम्म स्वासथ्य चौकी अनुगमनमा रहेको भनी पुनः अनुगमन भत्ता भुक्तानी लिएकोले दोहोरो भत्ता भुक्तानी भएको रु</td><td>९६००</td></tr>
<tr><td>स्वास्थ्य संयोजक श्री रुद्रनाथ शर्मा</td><td>मिति २०७८।१०।१० देखि मिति १५ सम्म र्यलयको कामको सिलसिलमा पोखरा गएको भनी रु.१२००० भ्रमण खर्च भुक्तानी भएकोमा २०७८।१०।१३ र का १४ गते पालिकाबाट आयोजित समुदायमा आधारित मातृशिशु तथा नवजात शिशु कार्यक्रममा सहभागी भएको भनी सहभागी भत्ता भुक्तानी लिएकोले दोहोरो भत्ता भुक्तानी भएको रु</td><td>१२०००</td></tr>
<tr><td>तिलक राम पोखरेल</td><td>मिति २०७८।१२।३० देखि २०७९।०१।०६ सम्म औषधि लिन कुश्मा गएको भनी रु.८५०० भ्रमण भत्ता भुक्तानी लिएकोमा सोही मितिमा कार्यलय बैठकमा उपस्थित भएको देखिएकोले दोहोरो भुक्तानी भएको रु.</td><td>८५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३०१००</td></tr>
</table>
<br>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। ११।२३ को निर्णयबाट रु. १२०००।- सम्परीक्षण गरिएको । )
</td>
<td></td>
</tr>
<tr>
<td>३६</td>
<td></td>
<td></td>
<td>भ्रमण खर्च<br><br>पालिकाले स्वास्थ्य शाखाको स्वीकृत टिप्पणी तथा भ्रमण विल अनुसार गोभौं २७० मिति २०७९।०३।२३ बाट स्वास्थ्य संस्थाका तथा स्वास्थ्य शाखा अन्तरगतका कर्मचारीहरु भ्रमणमा भएको भनी रु.४१०१०० खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन । क) उक्त भ्रमाण खर्चको लागि श्रेस्तामा संलग्न भ्रमण विल तथा आदेश परीक्षण गर्दा अधिकांक्क भ्रमणहरुमा कार्यालयको कामको सिलसिला भनी उल्लेख भएको तथा प्रतिवेदनको जानकारी लिएको विवष मात्र उल्लेख भएको देखिन्छ । ख) १८ जना स्वास्थ्य कर्मीलाई भुक्तानी भएको उक्त भ्रमण खर्चमा पालिका भन्दा असम्बन्धित क्षेत्रमा भ्रमणमा गएको तथा पोखरा. कुश्मा लगायतको स्थानमा सामान लिन गएको भनी प्रतिवेदन पेश भएकोमा कुन सामान के कति परिमाणमा ल्याईएकोहो सोको विवरण</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | खुलाइको पाईएन । तसर्थ स्पष्ट प्रयोजन खुलाई भ्रमणमा खटाउने तथा उक्त कार्य भएको देखिने प्रविवेदन समावेश गरी भ्रमण खर्च भुक्तानी दिनेतर्फ ध्यान दिनु पर्दछ । | |
| ३७ | | | **जरीवाना**<br><br>पालिकालाई अनिवार्य दायित्व हुने विद्युत महशुल, सवारी नवीकरण लगायतका शुल्क समयमै भुक्तानी गरी खर्च मितव्ययिता ल्याउनु पर्दछ । तर पालिकाले गोभौ २३४ र १०१ बाट देवीस्थान स्वास्थ्य चौकीको विद्युत शुल्क वापतको रकम कृष्ण कुमारी थापालाई सोधभर्ना भुक्तानी दिएकोमा स्वास्थ्य चौकीमा विद्युतमहशुल वापत जरिवाना रु.२७२५१ सहित रु.१२०८१८ भुक्तानी दिएको छ । जसअनुसार उक्त दुईवटा गोश्वरा भौचरबाट मात्र पालिकाले विद्युत महशुल समयमा नबुझाएको कारण रु.२७२५१ जीवाना भुक्तानी गरेको छ । समयामा महशुल भुक्तानी नगर्दा कार्यालयलाई थप ब्ययभार परेको देखिन्छ । समयमानै महशुल भुक्तानी गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ । | |
| ३८ | | | **औषधि खरिद**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस पालिकाले मिति २०७८।०५।२२ मा प्रभाव राष्ट्रीय दैनीकमा प्रकाशित दर अनुसार विभुम मेडिसिन सप्लायर्सबाट बाट रु. १८ लाख ५९ हजार ६४४ का १०७ प्रकार औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्ः<br>क) राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको दरमा आधिकारीक विक्रीतालाई दिएको छुट सरहको सुविधा लिएको हुनुपर्नेमा सो छुट लिएको देखिएन ।<br>ख) WHO Gmp certified company बाट औषधि खरिद गर्नुपर्नेमा सो भएको प्रमाण पेश हुनु सकेन ।<br>ग) कार्यालयले खरिद गर्को औषधि बिक्रिको लागी होइन तथा निशुल्क वितरणका लागि उल्लेख गरेको हुनुपर्नेमा सो देखिएन । घ) औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको देखिएन ।<br>ङ) कार्यालयले खरिद गरिएका औषधीहरु स्वास्थ्य संस्थामा एकमुष्ट हस्तान्तरण फारम भरी पठाउने गरेको तर स्वास्थ्य संस्थाबाट के कति परिमाणमा खर्च भए के कति परिमाण बाँकी रहेका छन सोको विवरण लेखापरीक्षणको क्रममा पेश हुन सकेन ।<br>च) कार्यलयले खरिद गिएका औषिधहरु स्वास्थ्य संस्थामा पाठाएकोमा कुन औषिध न्यनुन मौज्दात तथा कन औषधि अधिकम मौजदात रहेको छ । सोको विवरण प्राप्त हुन सकेन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | छ) सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए नभएको, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्वन्धित विषय विज्ञवाट मुचुल्का उठाई राख्ने नगरेको कारण औषधिको गुणस्तर एकिन गर्न सकिएन ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३९ | | | **दुधमा अनुदान**<br><br>नगरपालिकालको आर्थिक बर्ष २०७८।०७९ को स्वीकृत पशु विकास कार्यक्रम प्रतिफलमा आधारित अनुदान अन्तर्गत आफ्नो क्षेत्रभित्र रहेका फर्म तथा सहकारी सस्थालाई दुध उत्पादन बढाउन प्रोत्साहन गर्न र किसानहरुलाई केही मात्रामा आर्थिक सहयोग पुगोस भन्ने उद्देश्यले प्रति लिटर दुधमा रु २।५०अनुदान उपलब्ध गराएको देखिन्छ । प्रतिफलमा आधारित भनिए तापनि प्रतिफल मापनको संयन्त्र तथा सो सम्बन्धी कार्यविधि तयार नगरी यस बर्ष रु ६१६१८८ खर्च गरेको छ । अत अनुदानले पारेको प्रभावको मूल्याङ्कन गरी कार्यविधि तयार गरेर मात्र अनुदान रकम वितरण गर्नुपर्ने देखिन्छ । । | |
| ४० | | | **प्लाष्टिक टनेल खरिद**<br><br>फलेवास नगरपालिकालाई तरकारीमा आत्मनिर्भर गराउन र तरकारी उत्पादनलाई व्यवसायिक रुपले अघि बढाउनको लागि टनेल हाम्रो उत्पादन तपाईको कार्यक्रम सन्चालन गरेको देखियो । प्लाष्टिक टनेल वितरणको लागि १५७ पिस टनेल रु ६५९४०१ मा खरिद गरेकोमा ७ वटा वडामा ८४ पिस टनेल वितरणको लागि पठाएको छ । ७३ पिस टनेलको वडालाई हस्तान्तरण गरेको हस्तान्तरण फाराम समेत पेश भएन । अत १५७ पिस टनेल वितरणको भरपाई पेश गर्नुपर्ने रु १ | ६५९,४०१ |
| ४१ | | | **क्लिन फलेवास ग्रिन फलेवास कार्यक्रम**<br><br>क्लिन फलेवास ग्रिन फलेवास कार्यक्रम अन्तर्गत १ जना अभियन्ता संयोजक ८ जना सामाजिक अभियन्ता र ३ जना सामाजिक परिचालक गरी जम्मा १२ जना कर्मचारीहरु नियुक्ति गरी बार्षिक रु ३१९४५०० तलब भत्तामा खर्च गरेको देखिन्छ । ती कर्मचारीहरुको कार्य विवरण र त्यसले जनजीवनमा कस्तो प्रभाव पार्यो भन्ने विषय लेखापरीक्षणको क्रममा माग गर्दा पेश भएन । साथै सो कार्यक्रमसँग सम्बन्धित प्रगति विवरण समेत पेश हुन सकेत । साथै पालिकाको आन्तरिक श्रोत न्युन रहेको अवस्थामा दरवन्दी बाहिर हुन गरी कार्यक्रम तर्फबाट कर्मचारी राख्न मिल्ने देखिदैन । पालिकाले संघ तथा प्रदेश सकरकारबाट प्राप्त अनुदानको रकम विकास निर्माणमा खर्च गर्नेतर्फ ध्यान दिई यस प्रकार कार्यक्रमतर्फ दरबन्दी सिर्जना गरि कर्मचारी राख्नेतर्फ नियन्त्रण गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|---|
| ४२ | | | **कार्यालयको काम उपभोक्ता समिति मार्फत**<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता गुणस्तरीयता वा दिगोपना अभिवृद्दि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने व्यवस्था छ । यस पालिकाले गोश्वारा भौचर नम्बर ३०३।०७८।१२।२१ कार्यालय भवन उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न गरी रु ७११२५५० खर्च गरेको देखिन्छ । ऐनमा भएको व्यवस्थालाई पालना गरी उपभोक्ता समिति मार्फत कार्य गराउनु पर्दछ । | |
| ४३ | | | **कर समायोजन**<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले रित पूर्कको कर वीजक बेगर बिजक नम्बर हातले लेखेको बिल पेश गरी भुषाल फर्निसिङ सेन्टरबाट मु.अ.कर रु ५७५२१ समेत रु. ४९९९९६ को सामान खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्सले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | ५७,५७१ |
| ४४ | | | **भैसी पकेट**<br><br>प्रधान मन्त्री कृषि आधुनीकरण परियोजना कार्यक्रम कार्यान्वयन म्यानुअल २०७७ को ४.१.४ मा भैसी पकेट स्थपनाको लागि पहाडी क्षेत्रमा १५० भैसी भएको तथा दैनीक १००० लिटर दुध उत्पादन भएको हुनुपर्ने उल्लेख छ । नगरपालिकाले गत वर्ष मल्यांदी खोला भैसि पकेट समुह क्षेत्रमा कार्य गर्ने गरी सिर्जनसिल बहुउद्देशिय सहकारी संस्थासँग सम्झौता गरेको देखिन्छ । सोही कार्यक्रमको निरन्तरता अन्तरगत यस वर्ष भकारो सुधार तथा गोठ निर्माण कार्यक्रमो लागि रु.११ लाख खर्च भएको देखिन्छ । तर लेखापरीक्षण अविधि सम्म उक्त स्थानमा दैनी ३०० लिटर दुध मात्र उत्पादन भई रहेको जानकारी पशु सेवा प्राविधिकबाट प्राप्त भएको छ । कार्यक्रम म्यानुअल अनुसार दैनिक १००० लिर भन्दा घटी दुध उत्पादन भएको स्थानलाई भैसी पकेट बनाउन नसकिनेमा कार्यालयले सोतर्फ ध्यान दिएको देखिएन । साथै दुई वर्ष मात्र अनुदान दिईने तथा यस वर्ष देखि थप अनुदान दिन नमिल्ने भएकोले कार्यविधिमा उल्लेख भए अनुसार १००० लिटर दुध उत्पादन हुने अवस्था समेत देखिदैन । जसबाट उक्त कार्यक्रम लक्ष्य अनुसार संचालन भएको छ भन्न सकिने अवस्था रहेन । पालिकामा यो कार्यक्रम शूरू हुनु अधि पालिका क्षेत्रभित्र दैनीक १२० लिटर दुध मात्र बजारीकरण भएको हाल १६५० लिटर दुध | |

| | | | | |
|---|---|---|---|---|
| | | | बजारीकरण भएको तथा उक्त पकेट क्षेत्रमा यस वर्ष देखि डेरी समेत संचालनमा ल्याईएको पालिकाको भनाई रहेको छ । तसर्थ कार्यक्रम संचालन गर्दा मापदण्ड तथा कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरुको पालना हुनुपर्दछ । | |
| ४५ | | | **कृषक अभिलेख**<br><br>नेपाल सरकार तथा प्रदेश सरकार सम्बन्धी एकीकृत कार्यविधि २०७७ को बुदा नं.१२(२) मा प्रदेश सरकारबाट संचालन हुने कार्यक्रम संचालन गर्दा अन्य कार्यालयसँग समन्वय गर्नुपर्ने तथा १२(३) मा एकै प्रकृतिको कार्यको लागि एक बढी कार्यालयबाट अनुदान दिन नपाउने व्यवस्था गरेको छ । तर यस वर्ष संघीय सरकार र प्रदेश सरकारले संचालन गरेका कार्याक्रम तथा पालिकाले संचालन गरेका आयोजना, कार्यक्रम, कृयाकलापहरु अन्तर्गत गत विगत तथा यस वर्षमा कुन कुन कृषकलाई पुरै वा आंशिक शसर्त निशर्त वस्तुगत, नगद अनुदान तथा प्राबिधिक सेवा परामर्श सिपविकास तालिम दिइएको थियो सो को व्यबस्थित अभिलेख राखि कृषकगत प्रोफाइल लगत राखेको पाइएन । कृषकगत, लगत नहुंदा एकै प्रकृतिका कार्यक्रम एवं कृयाकलापहरुमा उहि व्यक्ति, संस्था तथा समुदाय दोहोरिन सक्ने र अनुदान प्रदान गर्नु पर्ने कृषकहरु सम्म उक्त कार्यक्रमको पहुंचको अवसरबाट बञ्चित हुनुपर्ने देखिन्छ । तसर्थ कृषकगत प्रेफाइल लगत अभिलेख तयार गरी राख्नु पर्दछ । | |
| ४६ | | | **रोजगार कार्यक्रम**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । पालिकाले यस कार्यक्रम वडाहरुमा पदमार्ग निर्माण, मवटरबाटो सोलिङ्ग, कच्ची नाली निर्माण लगायतका कार्यका यस वर्ष ८९२ सुचिकृत बेरोजगार मध्ये १५१ जनालाई १३ देखि १०० दिनसम्मको रोजगारी उपलव्ध गराई रु.६५ लाख १८ हजार ४६९ सय १६ खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । तसर्थ पालिकाले कार्यविधिमा उल्लेख भए अनुसार दिर्घकालीन रोजगारी सिर्जान हुने कार्यक्रममा मात्र खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४७ | ६३ | २०७८-७-१८ | **जिन्सी निरीक्षण भत्ता**<br><br>अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को ७.१.१ मा एउटै निकाय अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने तथा कानुन अनुसार गठन भएका समितिहरुको लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था भएकोमाकार्यालयले स्वास्थ्य शाखा अन्तर्गतको स्टोर अनुगमन गरेवापत पालिकाका निम्न कर्मचारीहरुलाई अनुगमन भत्ता भूक्तानी गरेकोले असुल गर्नुपर्ने रु... | १७,८५० |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>आ.ले.प. श्री यशोदा शर्मा पौडेल</td><td>५९५०</td></tr>
<tr><td>२</td><td>सहायक पाँचौ श्री रत्नमणी सुवेदी</td><td>५९५०</td></tr>
<tr><td>३</td><td>कार्यालय सहयोगी श्री राजु पौडेल</td><td>५९५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२३८००</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९/ ११/२३ को निर्णयबाट रु. ५९५०/- सम्परीक्षण गरिएको । )</td><td></td></tr>
<tr><td>४८</td><td>५५</td><td>२०७८-९-२७</td><td>बढी भूक्तानी<br><br>नमुना विद्यालय विकास कार्यक्रम विद्यालय सुधार गुरुयोजना अनुसार आ.व. २०७६।७७ मा शैक्षिक पक्षतर्फ श्री भवानी विद्यापीठ माध्यामिक विद्यालयको लागि रु ३७६००००। रकम विनियोजिन भएकोमा विद्यालयले निजीस्रोतका शिक्षक कर्मचारीको तलब भत्ता वापत रु १५६०००० प्रस्ताव माग गरेकोमा पालिकाले उक्त शीर्षकमा रु १९८७९९० भूक्तानी गरेको पाइयो। विद्यालयले माग गरेको भन्दा बढी रकम रु. ४२७९९० भूक्तानी गरेकोले असुल हुनुपर्ने रु</td><td>४२७,९९०</td></tr>
<tr><td>४९</td><td>११४ र २८८</td><td>२०७८-१०-१३</td><td>व्यवस्थापन प्रतिवेदन<br><br>.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण प्राप्त भई पेश भएको आधारमा मिति २०७९/ १२/२३ को निर्णयबाट रु ४९७२००/- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>५०</td><td>२५</td><td>२०७८-६-२५</td><td>कार्यसम्पादन मूल्याङ्कन भत्ता<br><br>नेपाल सरकार, अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा नम्बर ७.१.१ मा बैठक भत्ताको मापदण्ड अनुसार एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी उपस्थित बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ। सो निर्देशिका विपरित फलेवास नगरपालिकामा कार्यरत चौथो तहसम्मका कर्मचारीहरुको आर्थिक वर्ष २०७७।७८ को कार्यसम्पादन मूल्याङ्कन वापत पालिकामा कार्यरत पूनरावलोकन समितिका कर्मचारीहरुले बैठक भत्ता लिएकोले असुल हुनुपर्ने रु</td><td>३०,६००</td></tr>
</table>

| सि. नं. | कर्मचारीको पद र नाम | बैठक संख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | अधिकृत श्री कृष्ण प्रसाद पौडेल | ८ | १२७५ | १०२०० |
| २ | अधिकृत श्री रुद्र शर्मा सापकोटा | ८ | १२७५ | १०२०० |
| ३ | अधिकृत श्री मञ्जु शर्मा | ८ | १२७५ | १०२०० |
| **जम्मा** | | | | **६१२००** |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। ११/२३ को निर्णयबाट रु. ३०६००/- सम्परीक्षण गरिएको । )***

५१ **अनुगमन भत्ता** ५५,०००

गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ मा नगरपालिकाका पदाधिकारी तथा सदस्यले अनुगमन सुविधा पाउने व्यवस्था बमोजिम मासिक रुपमा उक्त सुविधा लिएतापनि निम्न पदाधिकारीहरुले विभिन्न योजना अनुगमन गरेवापत विल भरपाई तथा एकमुष्ट रुपमा पुन: अनुगमन भत्ता लिएकोले नियम विपरितको भत्ता असुल हुनुपर्ने रु...

| भौ.नं. र मिति | पदाधिकारीको नाम | रकम |
|---|---|---|
| १०८।०७८।१०।१० | ८ नं. वडाध्यक्ष श्री मन बहादुर कुँवर | ६००० |
| | ८ नं. वडा सदस्य श्री हरिमाया कुँवर | ६००० |
| | ८ नं. वडा सदस्य श्री नन्द कुमारी गुरुङ | ६००० |
| | ८ नं. वडा सदस्य श्री लाल बहादुर क्षेत्री | ६००० |
| | ८ नं. वडा सचिव श्री दिपेन्द्र गौतम | ६००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="5">३२०।०७९।३।२५</td><td>७ नं. वडाध्यक्ष श्री हरिराम रेग्मी</td><td>५०००</td></tr>
<tr><td>७ नं. वडा सदस्य श्री प्रमिला पन्त</td><td>५०००</td></tr>
<tr><td>७ नं. वडा सदस्य श्री निर्मला वि.क.</td><td>५०००</td></tr>
<tr><td>७ नं. वडा सदस्य श्री नेत्र बहादुर घर्ति</td><td>५०००</td></tr>
<tr><td>७ नं. वडा सचिव श्री राम परियार</td><td>५०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९३३२५</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। ११/२३ को निर्णयबाट रु. ३८३२५।- सम्परीक्षण गरिएको । )
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td> प्रोत्साहन भत्ता
स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यस बर्ष प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखाका कर्मचारी लगायत विभिन्न शाखाका जिम्मेवार कर्मचारी सहित ७ जना कर्मचारीहरुलाई पारिश्रमिकको ५० प्रतिशतले हुने रु ७६९३०० र करारका ३ जना हल्का सवारी चालकलाई बार्षिक रु ६०००० का दरले रु १८०००० गरी जम्मा रु ९४९३०० प्रोत्साहन भत्ता खर्च गरेको छ । प्रदेश तथा संघीय कानुन निर्माण तथा सुचक निर्धारण नभएको कारण भत्ता वितरण यथार्थ रहेको छ भन्न सकिएन । तसर्थ पालिकाले भत्ता वितरणको सुचक निर्धारण गरि भत्ता वितरण गर्ने तथा प्रोत्साहन भत्ता संघीय र प्रदेश कानुन अनुसार मात्र वितरण गर्ने तर्फ ध्यान दिनुपर्दछ । </td><td></td></tr>
<tr><td>५३</td><td>८६</td><td>२०७८-९-२०</td><td>संचार खर्च</td><td>१९,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ मा नगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी व्यवस्था छ। पालिकाका नगरप्रमुख तथा उपप्रमुखले उक्त ऐन बमोजिम मासिक रुपमा टेलिफोन तथा मोबाइल रिचार्ज सुविधा लिएको भएतापनि पुन: रु १२००० र रु ७००० का दरले लिएको संचार खर्च अनियमित देखिएको रु...</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>पारिश्रमिक कर<br><br>आयकर ऐन, २०५८ को दफा ८७ मा रोजगारदाताबाट प्राप्त आय गणना गर्दा समावेश गरिने रकम भूक्तानी दिंदा अनुसूची १ बमोजिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकामा कार्यरत देहायका कर्मचारीहरुको पारिश्रमिक कर कट्टा गरेको नपाइएकोले उक्त रकम असुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको नाम</th><th>करयोग्य आय</th><th>पारिश्रमिक कर</th></tr>
<tr><td>१</td><td>श्री शान्त बहादुर अधिकारी</td><td>६१२२६८</td><td>१२४५४</td></tr>
<tr><td>२</td><td>श्री रुद्र शर्मा सापकोटा</td><td>६१२२६८</td><td>१२४५४</td></tr>
<tr><td>३</td><td>श्री बुद्धिराज तिवारी</td><td>५७६०४२</td><td>७६०४</td></tr>
<tr><td>४</td><td>डा. विप्लव अधिकारी</td><td>६०३३४०</td><td>१०६६८</td></tr>
<tr><td>५</td><td>डा. ध्रुव कुमार क्षेत्री</td><td>६०३३४०</td><td>१०६६८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>६२८१६</td></tr>
</table>
<br>(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। ११।२३ को निर्णयबाट रु. ८९६८।- सम्परीक्षण गरिएको । )</td><td>५३,८४८</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>फरक शीर्षकबाट खर्च<br><br>एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम एक शीर्षकमा भएको रकम अर्को शीर्षकमा खर्च लेख्न नपाइने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले नगरपालिका तथा वडामा कार्यरत करारका कर्मचारीहरुको तलब खर्च भूक्तानी गर्दा फरक शीर्षकबाट खर्च लेखेकोले अनियमित देखिएको रु...</td><td>२,६७२,७९८</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>खर्च गरेको शीर्षक</th><th>रकम</th></tr>
<tr><td>२८९।०७९।३।१९</td><td>पालिकामा कार्यरत करारका कर्मचारीको जेठ र असार महिनाको तलब</td><td>पोशाक, कर्मचारी कल्याण कोष, अन्य सेवा शुल्क, स्थानीय भत्ता र कर्मचारी प्रोत्साहन तथा पुरस्कार शीर्षकबाट खर्च</td><td>११०६९२६</td></tr>
<tr><td>३९०।०७९।१।२६</td><td>पालिकामा कार्यरत करारका कर्मचारीको वैशाख महिनाको तलब</td><td>न.पा. पूँजीगत शीर्षकबाट खर्च</td><td>६३९६५०</td></tr>
<tr><td>३९२।०७९।१।२६</td><td>वडा तर्फका करारका कर्मचारीको वैशाख महिनाको तलब</td><td>न.पा. पूँजीगत शीर्षकबाट खर्च</td><td>३९३६१०</td></tr>
<tr><td>४३५।०७९।३।२</td><td>वडा तर्फका करारका कर्मचारीको जेठ र असार महिनाको तलब</td><td>न.पा. पूँजीगत शीर्षकबाट खर्च</td><td>५३२६१२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२६७२७९८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>परामर्श सेवा<br><br>परामर्श सेवा सार्वजनिक खरिद ऐन २०६३ को दफा २९१ मा सार्वजनिक निकायले सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति फर्म वा कम्पनीबाट परामर्श सेवा खरीद गर्नसक्ने व्यवस्था छ । पालिकाले कार्यरत</td><td>४९६,७००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>जनशक्तिबाटै गर्न सकिने पालिकाकै पहिलो कार्यकाल मुख्य उपलब्धी एवं अनुभवहरु नामक पुस्तक लेखनको लागि रिजाल कन्सल्टेन्सीसँग सम्झौता गरी रु ४९६७०० भुक्तानी गरेको नियमित देखिएन ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>अनुत्पादक खर्च<br><br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु ८८२१५० खर्च गरेको देखिन्छ ।
<table>
<tr><td>सि न</td><td>भुक्तानी पाउने सस्थाको नाम</td><td>प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>१</td><td>विभिन्न प्रहरी चौकी</td><td>मौलो पुजा</td><td>८५०००</td></tr>
<tr><td>२</td><td>लिमी भुमेकोट संरक्षण सम्भार व्यवस्थापन समिति</td><td>कोट पुजा</td><td>८००००</td></tr>
<tr><td>३</td><td>संघर्षशिल दलित महिला कृषक समूह</td><td>साडी खरीद</td><td>३००००</td></tr>
<tr><td>४</td><td>फलेवास नगर भजन समूह</td><td>जुवारी कोट कुर्था सुरवाल</td><td>२००००</td></tr>
<tr><td>५</td><td>विभिन्न ५ वटा पन्चे बाजा समूह</td><td>कोट दौरा सुरवाल टोपी</td><td>६६७१५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८८२१५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>सरुवा भ्रमण खर्च<br><br>भ्रमण खर्च नियमावली, २०६४ बमोजिम सरुवा भई जाने कर्मचारीहरुले दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ। कार्यालयले निम्न कर्मचारी सरुवा भई जाँदा तथा आउदाको भ्रमण भत्ता भूक्तानी गर्दा नियम बमोजिम भन्दा बढी भूक्तानी गरेकोले असुल गर्नुपर्ने रु...
<table>
<tr><td>भौ.नं. र मिति</td><td>कर्मचारीको नाम</td><td>हुनुपर्ने भूक्तानी</td><td>भएको भूक्तानी</td><td>बढी रकम</td><td>कैफियत</td></tr>
<tr><td>१५२।०७८।११।२७</td><td>सहायक पाँचौ श्री दिपेन्द्र गौतम</td><td>६२००</td><td>१८५००</td><td>१२३००</td><td>मोदी गा.पा.मा सरुवा भई जाँदा</td></tr>
</table></td><td>१२,३००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td></td><td></td><td>१८२००</td><td></td></tr></table><br>(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। ११।२३ को निर्णयबाट रु. ५९००।- सम्परीक्षण गरिएको । )</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>कर समायोजन<br><br>अर्थ मन्त्रालयको च.नं.३६९ मिति २०६९।६।१७ तथा आन्तरिक राजस्व विभागको च.नं.१२ मिति २०६९।६।१० को पत्रअनुसार ठेक्का तथा करारमार्फत निर्माण तथा मालसामानको आपुर्तीको अन्तिम भुक्तानी वा धरौटी फिर्ता गर्नु पूर्व त्यसरी भूक्तानी भएको रकम र मूल्य अभिवृद्धि कर सम्बन्धित ठेकेदार तथा आपूर्तिकर्ताले कर विवरणमा समायोजन गरे नगरेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट एकिन गरे पश्चात् मात्र भूक्तानी गर्नुपर्ने उल्लेख छ । तर पालिकाले गोभौ ७ मिति २०७८।०७।२९ बाट यम वाई कन्ट्रक्सन एण्ड विल्डर्सलाई शन्तिबाटीका भित्र पर्खाल निर्माण वापतको ५ प्रतिशतले कट्टी गरेको धरौटी रकम रु.२६९५०० फिर्ता गर्दा मूल्य अभीवृद्धी कर समायोजन गरेको प्रमाण संलग्न राखेको देखिएन् । तसर्थ मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ । रु</td><td>२६९,५००</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>निजी विद्यालय व्यवस्थापन<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले पालिका भित्र रहेका ५९ सामुदायिक विद्यालयको व्यवस्थापनको कार्य गर्ने गरेकोमा पालिका क्षेत्र भित्र रहेका निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको देखिएन । साथै निजी विद्यालयको शुल्क निर्धारण तथा सोको अनुगमन समेत पालिकाबाट भएको देखिएन । जसबाट निजी विद्यालयको शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अवस्था वारे जानकारी प्राप्त गर्न सकिएन । तसर्थ पालिका कानुनमा तोकीए अनुसार निजी विद्यालयको व्यवस्थापन तथा मुल्यांकन मापदण्ड निर्धारण गर्ने र शुल्क निर्धारण गर्ने कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>निकासा रजिष्टर<br><br>पालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्दछ । त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । पालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ६२ | | | **राजश्व सँकलन तथा दाखिला**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२)मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन बा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा १० दिन सम्म ढिलो भए गरेको भए १० प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र सो भन्दा ढिलो दाखिला गरेको भए १० प्रतिशतका दरले जरिबाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्न सक्ने व्यवस्था छ । यस नगरपालिका अन्तर्गतका वडा कार्यालयले असुली रकम असुल भएको भोलिपल्ट दाखिला गर्नुपर्ने मा मासिक त्रैमासिक रूपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्छ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ। | |
| ६३ | | | **सवारी कर**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ६४ | | | **ठेक्कागत अभिलेख खाता**<br><br>ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्दछ । नगरपालिकाले उल्लिखित प्रावधानहरुको पालना नगरेको कारण सोबाट प्राप्त हुने सूचना तथा जानकारी प्राप्त हुन नसकी लेखापरीक्षणको क्षेत्र संकुचन हुने एवं कार्यालयको आन्तरिक नियन्त्रण कमजोर हुन गई कार्यालयको कार्य सम्पादनमा समेत असर पर्न सक्ने देखिएकोले आन्तरिक नियन्त्रणलाई सुदृढ बनाउन ऐन नियममा भएका व्यवस्थाहरुको पालना गर्नुपर्दछ । | |
| ६५ | | | **नगरपालिका वडा कार्यालय भवन निर्माण**<br><br>यस नगरपालिका अन्तर्गतको वडा न ८ को कार्यालय भवन निर्माणको लागि (कन्टिजेन्सी बाहेक) मू.अ.कर समेत रु.११११८४२२।०० को लागत अनुमान स्वीकृत गरी गणेश ओम श्री कालाशिल्ला जे भी सँग मू.अ.कर समेत रु. ७३३३६९०।९४ स्वीकृत गरी २०७९।१।३० सम्म | |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्पन्न गर्ने गरी २०७८।०५।१६ मा सम्झौता भएकोमा कार्यपालिकाको मिति २०७८।१२।१० को निर्णयअनुसार पहिलो पटक २०७९ आषाढ मसान्त सम्म, दोश्रो पटक कार्यपालिकाको मिति २०७९।३।१८ को निर्णयले २०७९ कार्तिक मसान्तसम्म र तेश्रो पटक पुनः कार्यपालिकाको मिति २०७९।४।४ को निर्णयले असोज मसान्त सम्म म्याद थप गरेको देखिन्छ । यसरी पटक पटक म्याद थप गर्दा समेत उक्त कार्यालय भवनको प्रगति २०७८।७९ को लेखापरीक्षण अवधि सम्म मा जम्मा ४० प्रतिशत मात्र भएको देखिन्छ । यसरी स्पष्ट कारण विना पटक पटक पूर्व निर्धारित क्षतिपूर्ति बेगर म्याद थप गर्ने कार्य उपयुक्त नदेखिँदा ठेक्का व्यवस्थापन कमजोर हुन गएको अवस्था सम्बन्धमा कार्यालयबाट समयमै ध्यान दिएको देखिएन । यसरी पटक पटक म्याद थप गर्दा समेत कार्य प्रगतिमा सुधार हुन नसकेको अवस्थामा सम्झौतामा तोकिएको समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सम्झौताको स्पेशल कन्डिसन अफ कन्ट्र्याक्ट अनुसार ०.०५ प्रतिशत प्रति दिन र अधिकतम १० प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति सहित ठेकेदारलाई जिम्मेवार बनाई समयमै वडा कार्यालयको भवन निर्माण सम्पन्न गर्न नगरपालिकाले आवश्यक पहल गर्नु पर्दछ । | |
| ६६ | | | **व्यवसाय कर**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकाक्षेत्र अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरंपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ६७ | | | **आन्तरिक नियन्त्रण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास<br>योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• पालिकाले कार्यक्रमगत खाता राखेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको योजना तयार गरेको पाईएन।<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको कार्यक्रमगत तथा एकीकृत प्रगति तयार गरेको पाईएन।<br>• कन्टिन्जेन्सी खर्चको अभिलेख खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति तथा लाभग्राही समुदायलाई हस्तान्तरण नहुने कार्यालय भवन तथा स्वास्थ्य संस्था लगायतका सरकारी संरचना उपभोक्ता समितिबाट गराएको पाईयो।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• उप प्रमुखको संयोजकत्वमा गठीत योजना अनुगमन समितिले निर्माण कार्य गर्दा लागत अनुमान अनुसार भए नभएको, आगामी दिनमा गर्नुपर्ने सुझाव सहितको विषय प्रतिवेदनमा समावेश गर्ने गरको पाईएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार जिन्सी निरीक्षण गरेको पाईएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क अनुसार इ टी डि एस नगरेको पाइयो।<br>• रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर सहितको तेरिज बनाई कार्यालय प्रमुख तथा निजले तोकेको कर्मचारीबाट प्रमाणीत तथा भुक्तानी भएको छाप लागाउने गरेको पाईएन ।<br>• ईन्धन, भ्रमण, बैठक, खाजा खाना, अनुगमन भत्ता तथा विविध खर्च बढी हुने कार्यक्रम तयार गरी संचालन भएको पाईयो ।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६८ | | | **आन्तरिक लेखापरीक्षण**<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिका यस वर्षको खर्च तथा आम्दानीका कारोबार तथा कोषहरुतर्फ मिति २०७९ जेष्ठ महिनासम्मको मात्र आन्तरिक लेखापरीक्षण गराएको छ । २०७९ जेष्ठमा नगरपालिकामा कार्यरत आन्तरिक लेखापरीक्षक सरुवा भई गएको कारण आन्तरिक लेखापरीक्षण गराउन नसकेको पालिकाको भनाई रहेको छ । पालिकाले सम्पूर्ण आर्थिक कारोबारको तोकीएको समय भित्र आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६९ | | | **अवण्डा** | |

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा कार्यालयबाट प्रथामिकतामा माग भई आएका योजनाहरु वापत भनी रु.१ करोड १० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम विभिन्न मितिमा वडा समितिबाट निर्णय भई आए अनुसार यस ५१ योजनामा रु.९७ लाख २ हजार ४६३ खर्च गरेको छ । बजेट अबण्डमा राखी वडा समिति तथा कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>चौमासिक खर्च<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष पुजिगतर्फ रु.२८२२४८६६२ खर्च गरेको छ । जसमध्ये प्रथम चौमासिकमा रु.४०४९२३८४ अर्थात कुल खर्चको तुलनामा १४.३५ प्रतिशत, दोस्रो चौमासिकमा रु.४९७२८३३४ अर्थात कुल खर्चको तुलनामा १७.६२ प्रतिशत र तेस्रो चौमासिकमा रु.१९२०२७९९४ अर्थात कुल बजेट खर्चको ६८.०३ प्रतिशत खर्च गरेको छ । जसमध्ये असार महिनामा मात्र रु.८७१३१९९९ अर्थात कुल खर्चको तुलनामा ३०.८७ प्रतिशत खर्च गरेको छ । जसअनुसार पालिकाले कुल खर्च दुई तिहाई खर्च तेस्रो चौमासिकमा तथा एक तिहाई खर्च आषाढमा मात्र गरेको देखिन्छ । आर्थिक वर्षको अन्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । साथै नियमावलीको व्यवस्था अनुसार पालिकाले त्रैमासिक लक्ष्य सहितको कार्यक्रम स्वीकृत गरी अख्तियारी दिने र सोही अनुसार खर्च र प्रगति विवरण विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>अनुगमन तथा भ्रमण खर्च<br><br>भ्रमण खर्च नियमावली, २०६४ को नियम ३(१) मा भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जान नहुने व्यवस्था छ। पालिकाले यस वर्ष अनुगमन तथा भ्रमण शीर्षकमा रु. ३९३९०८४ खर्च गरेको छ। उक्त खर्चमा कन्टेन्जेन्सी तथा कार्यक्रम अन्तर्गतको भ्रमण खर्च समावेश छैन। पालिकाले भ्रमण खर्च गर्दा भ्रमण आदेश तथा भ्रमण बिल स्विकृत वेगर भूक्तानी गरेको पाइयो। सो सम्बन्धमा देखिएका केही उदाहरण निम्न छन्।<br>
<table>
<tr><th>भौ.नं. र मिति</th><th>भ्रमण गर्नेको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>६५।०७८।८।१७</td><td>नगर उपप्रमुख श्री मञ्जु अधिकारी</td><td>५००००</td><td>भ्रमण आदेश आफै स्वीकृत गरेको</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ११७।०७८।१०।१८ | नगर उपप्रमुख श्री मञ्जु अधिकारी | ५२०० | भ्रमण आदेश तथा बिल स्वीकृत नगरी भूक्तानी |
| २४३।०७९।१।२३ | नगर उपप्रमुख श्री मञ्जु अधिकारी | ४०८०० | भ्रमण आदेश तथा बिल स्वीकृत नगरी भूक्तानी |
| १०९।०७८।१०।१० | कार्यक्रम व्यवस्थापक श्री देवीप्रसाद तिमिल्सिना | ८१२०० | नगर प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराएको तथा भ्रमण बील स्वीकृत नभएको। |
| १९१।०७८।१२।१७ | वडा सहायक श्री बुद्धिराज शर्मा | ३०००० | भ्रमण आदेश तथा बिल स्वीकृत नगरी भूक्तानी |
| २०१।०७८।१२।२० | इन्जिनियर सुभाष पोखेल | १२५०० | भ्रमण आदेश नभएको |

७२

**खर्चको पुष्ट्याई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा सोही नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्ने वा भूक्तानी दिन आवश्यक विल, भरपाई र आवश्यक कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भूक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा निम्न भौचरहरुको नमुना छनौट गर्दा पालिकाले विलको पुष्ट्याइ हुने प्रमाण वेगर भूक्तानी गरेको, विलमा सिलसिलेवार नम्बरको प्रयोग नभएको, सम्बन्धित आपूर्तिकर्ता तथा फर्मलाई भूक्तानी नगरी कर्मचारीहरुलाई भूक्तानी गरेको तथा दैनिक भ्रमण भत्ता लिने गरी भ्रमण गरेको अवस्थामा समेत होटल विलको भूक्तानी गरेको पाइयो। पालिकाले खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

| **भौ.नं. र मिति** | **भूक्तानी गरेको पाटीको नाम** | **रकम** |
|---|---|---|
| ४३।०७८।८।२ | मोटेल डि बटुवा, कुस्मा १ | २६९९० |

| | | |
|---|---|---|
| ४९।०७८।८।१५ | नविन होटल एण्ड लज, कुस्मा ६ | ९५४८५ |
| ५२।०७८।८।१५ | नविन होटल एण्ड लज, कुस्मा ६ | ५०९४४ |
| ७८।०७८।९।७ | धौलागीरी गेष्ट हाउस, पोखरा | ७४५० |
| १६७।०७८।१२।८ | माउण्टेन भ्यू पर्वत ईन, कुस्मा ५ | ४०९६२ |
| २२६।०७९।१।५ | कामना होटल, कुस्मा | ३०४०० |
| २७२।०७९।३।५ | माउण्टेन भ्यू पर्वत ईन, कुस्मा ५ | ४०११५ |
| **जम्मा** | | **२९२३४६** |

| | | | | |
|---|---|---|---|---|
| ७३ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले नगरको उपलब्धी प्रचार प्रसार तथा संचार माध्यमको सबलीकरण प्रयोजनको लागि यो वर्ष नेपाल पत्रकार महासंघ पर्वतलाई रु.१०००००० आर्थिक सहायता वितरण गरेकोले अनियमित देखिएको रु | १,०००,००० |
| ७४ | 287 | २०७९-३-१९ | **नगरसभा बैठक भत्ता**<br><br> ***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण प्राप्त भई पेश भएको आधारमा मिति २०७९/ १२/२३ को निर्णयबाट रु ५०१५०/- सम्परीक्षण गरिएको ।)*** | |
| ७५ | | | **कर्मचारी कल्याणकारी कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय सेवाका कर्मचारीहरुको श्रमिक कोष स्थापना गरेको छ भने अवकासकोष, कल्याणकारी कोषको व्यवस्था गरेको छैन। | |

७६ **क्षेत्रगत बजेट तथा खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| सामाजिक विकास क्षेत्र | ३९६९२८००० | ३५५८३३२०१ | ५३.१० |
| पूर्वाधार विकास क्षेत्र | २७८४४५६२३ | १९३१७७८४४ | २८.८३ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ८९७८९००० | ७४३६८५७६ | ११.१० |
| आर्थिक विकास | ५३४६०२२० | २४७१९६१६ | ३.६९ |
| सुशासान तथा अन्तरसम्बन्धीत क्षेत्र | २९२६१००० | २२०१५६३० | ३.२९ |
| जम्मा | ८४७८८३८४३ | ६७०११४८६७ | १००.०० |

उपर्युक्त विवरण अनुसार पालिकाको सभाबाट विनियोजन बजेटमध्ये कुल खर्चको तुलनामा सबैभन्दा बढी सामाजिक विकास क्षेत्रमा 53.१० प्रतिशत र सबैभन्दा कम सुशासन तथा अन्तरसमबन्धीत क्षेत्रमा ३.२९ प्रतिशत खर्च रहेको छ ।अतः पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

७७ **जिम्मेवारी**

स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाको सुत्रले तयार गरेको म.ले.प.फा.२७२ मा गत वर्षको अन्त्यमा रु.४२००२०९६ मौज्दात कायम देखाएकोमा यो बर्षको शुरुमा रु.३५२८२७५२ मात्र जिम्मेवारी सारेको देखियो । यस सम्बन्धमा छलफल गर्दा सुत्रमा गत वर्षको बाँकी मौज्दात स्वत अल्या हुनुपर्नेमा सो नहुने तथा आम्दानी बाँधेको रकम आन्तरिक राजस्वतर्फ समावेश हुने र फिर्ता रकमबाहेको अल्या भएकोले मौज्दात फरक परेको कार्यालयको भनाई रहेको छ । तसर्थ तालुक नियमाले यस तर्फ ध्यान दिई आर्थिक वर्षको अन्तमा बाँकी रहेको मौज्दात रकम स्वत जिम्मेवारी सर्ने व्यवस्था गर्नुको साथै पालिकाले बैक समायोजन तयार गरी हिसाब भिडान गरेको प्रमाण पेश हुनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ७८ | | | **योजना छनौट**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७९ | | | **प्राकृतीक स्रोतको विक्री वितरण**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट सँकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेको छ तापनि पालिकाले ती सामग्रीको जिल्ला दरको आधारमा भुक्तानी दिएको छ। निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरे तापनि पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क बुझाएको देखिदैन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सँकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउने तर्फ ध्यान दिनु पर्ने देखियो । | |
| ८० | | | **मूअ कर छुट**<br><br>मुल्य अभिवृद्धी कर ऐन, २०५२ को दफा ५ मा अअनुसूची १ मा उल्लेख भएका बाहेका बस्तुको बिक्रिमा मुल्य अभिवृद्धी कर लाग्ने तथा तथा दफा २३ ख मा आर्थिक ऐनमा तोकीए बाहेकमा कर छुट दिन नपाईने व्यवस्था गरेको छ । तर यस पालिकाले ढुंगा, गिट्टी, | ४०,४५६ |

बालुवा बिक्रको लागि ठेक्का व्यवस्थापन गर्दा सम्झौता गर्दाको बखत कबोल अंक एकमुष्ठ बुझाएमा १० प्रतिशत रकम छुट दिने गरी सुचना प्रकाशन गरेको छ । सोही अनुसार देहायको निर्माण व्यवसायिले सम्झौता गर्दाको बखत एकमुष्ट रकम बुझाई देहाय अनुसारको रकम छुट लिएकोमा उक्त पालिकाले मूल्य अभिवृद्धी कर समेत छुट दिएको छ । मुल्य अभिवृद्धी कर संघीय सरकारको कार्यक्षेत्र भएकोले पालिकाले छुट दिन सक्ने अवस्था देखिदैन । तसर्थ बिक्री मुल्यमा नियमानुसार लाग्ने कर रकम असूल हुनुपर्दछ । रु.

| सि नं | कबोल कर्ता | बिक्री मूल्य | मु.अ.कर | असूल गरेको मु.अ. कर | छुट कर रकम |
|---|---|---|---|---|---|
| १ | हेप्पी कन्ट्रक्सन (आ.व.२०७७।७८ को) | १००२००० | १३०२६० | ११७२३४ | १३०२६ |
| २ | हेप्पी कन्ट्रक्सन (आ.व.२०७७।७८ को) | ७१०००० | ९२३०० | ८३०७० | ९२३० |
| ३ | राज विल्डर्स | १४००००० | १८२००० | १६३८०० | १८२०० |
| | जम्मा | ३११२००० | ४०४५६० | ३६४१०४ | ४०४५६ |

८१

**आय अनुमान तथा असूली**

पालिकाले यो वर्ष आन्तरिक श्रोतबाट रू. करोड लाख राजस्व संकलन हुने अनुमान गरेकोमापालिकाबाट प्राप्त अभिलेख अनुसार यस वर्ष देहाय अनुसार शिर्षकमा रू. करोड लाख संकलन भएको देखिन्छ ।

| शीर्षक | अनुमान | असुली | प्रतिशत |
|---|---|---|---|
| सम्पती कर | | २४१३२१८ | |
| भुमिकर कर | | २१७४१३८ | |
| घरबहाल कर | | २०६४२० | |
| सवारी साधन कर | | ३५०० | |
| कृषि तथा पशुजन्य व्यवसायमा लाग्ने कर | | ८०० | |
| अन्य कर | | २९८०० | |

| | | | |
|---|---|---|---|
| सम्पती बहालबाट प्राप्त आय | | ११७७७७ | |
| घरजग्गा रजिष्ट्रसन | | ९०० | |
| विद्युत सेवा शुल्क | | ३०० | |
| अन्य सेवा शुल्क तथा बिक्री | | १३१४०० | |
| न्यायिक दस्तुर | | १०० | |
| अन्य प्रशाससनीक शुल्क | | ९००० | |
| नक्सापास दस्तुर | | २११९२ | |
| सिफारिस दस्तुर | | १५०५१४७ | |
| अन्य दस्तुर | | ५६६१८८ | |
| व्यक्तिगत घटना दर्ता दस्तुर | | ३९८८०१ | |
| नाता प्रमाणीत दस्तुर | | २८७८०० | |
| व्यवसाय रजिष्ट्रसन दस्तुर | | १२७५० | |
| व्यवसाय कर | | १८१८७५ | |
| प्रशासनीक दण्ड जरीवाना | | १२२०६० | |
| अन्य राजस्व | | २२११६९ | |
| जम्मा | | | |

उपरोक्त विवरण अनुसार पालिकाले गरेको अनुमानको तुलनामा प्रतिशतमात्र राजस्व आम्दानी भएको देखिन्छ । पालिकाले आय अनुमान गरेको शीर्षकमध्ये, लगायत शिर्षकतर्फ शुन्य आम्दानी देखिएको छ भने एकीकृत सम्पत्ती कर, अन्य राजस्व लागयतमा अनुमान भन्दा

<table>
<tr><td></td><td></td><td></td><td>बढी राजस्व संकलन भएको छ । तसर्थ पालिकाले आयको दायरा विस्तार गर्दै असुली प्रकृया प्रभावकारी वनाई राजस्व संकलन वढाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>
असूल हुन बाँकी आय<br><br>
पालिकाले स्वीकृत गरेको प्रारम्भीक आई.ई.ई. प्रतिवेदन तथा साभाले निर्धारण गरेको रकम अनुसार पालिकाले ढुंगा, गिट्टी, बालुवा संकलन तथा बिक्रीका लागि मिति २०७८।०४।०१ मा सुचना प्रकाशन गरेकोमा निम्नानुसार निर्माण व्यवसायिसँग निम्न मितिमा ढुंगा, गिट्टी, बालुवा संकलन तथा बिक्रीको लागि सम्झौता भएको छ । कबोल कर्ता निर्माण व्यवसायि र पालिकाबीच भएको सम्झौता अनुसार प्रथम किस्ता वापतको ५० प्रतिशत रकम सम्झौता गर्दा वखत तथा बाँकी ५० प्रतिशत दोस्रो किस्तामा बुझाउने उल्लेख भएको देखिन्छ । साथै निर्माण व्यवसायिले पालिकालाई बाझाउन बाँकी ५० प्रतिशत रकमको हकमा २०७९ श्रावण मसान्त सम्म म्याद प्रभु बैकको जमानत पेश गरेको देखिन्छ । पालिकाले सम्झौता अनुसारको दोस्रो किस्ता वापतको रकम पालिकामा बुझाउन भनी देहाय अनुसार निर्माण व्यवसायिलाई प्रथम पटक मिति २०७९।०२।०२ मा तथा दोस्रोपटक मिति २०७९।०२।३१ मा पत्राचार गरेको देखिन्छ । ततपश्चात निर्माण व्यवसायिले पेश गरेको जमानतलाई जफतको लागि प्रभु विकास बैक कुश्मालाई मिति २०७९।०३।३० मा पत्राचार गरेकोमा बैकबाट उक्त रकम पालिकाको खातामा जम्मा भएको देखिएन । पालिकाले रकम जम्मा गर्न भनी मिति २०७९।०४।३० मा बैकलाई पुनः ताकेता गरेको लेखापरीक्षण अविधि सम्म पनि उक्त रकम असूल भएको देखिएन । तसर्थ सम्झौता अनुसार रकम नबुझाउने निर्माण व्यवसायिबाट नियमानुसार लाग्न १० प्रतिशत ब्याज सहित देहायअनुसारको रकम असूल हुनुपर्दछ । रु.
<table>
<tr><th>ठेक्का नं</th><th>कबोल कर्ता</th><th>सम्झौता मिति</th><th>सम्झौता रकम</th><th>असूल रकम</th><th>बाँकी रकम</th><th>१० प्रतिशत हर्जाना सहित असूल हुनुपर्ने रकम</th></tr>
<tr><td>१</td><td>शिवालय कन्ट्रक्सन प्रालि</td><td>२०७८।१०।०९</td><td>१५८२०००</td><td>७९१०००</td><td>७९१०००</td><td>८७०१००</td></tr>
<tr><td>३</td><td>हेप्पी कन्ट्रक्सन प्रालि</td><td>२०७८।०९।२९</td><td>२१०१८००</td><td>१०५०९००</td><td>१०५०९००</td><td>११५५९९०</td></tr>
<tr><td>५</td><td>हेप्पी कन्ट्रक्सन प्रालि</td><td>२०७८।०९।२६</td><td>९०५१३०</td><td>४५२५६५</td><td>४५२५६५</td><td>४९७८२२</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४५८८९३०</td><td>२२९४४६५</td><td>२२९४४६५</td><td>२५२३९१२</td></tr>
</table>
सााथै पालिकाबाट जमानत जफतको लागि बैकलाई पटक पटक पत्राचार भएकोमा बैकले बैक जमानतको म्याद सकिए पश्चात पनि उक्त रकम दाखिला नगरेको नेपाल राष्ट्रबैक सँग समन्वय गरी उक्त बैकलाई समेत आवश्यक कारबाही हुनुपर्दछ ।
</td><td>२,५२३,९११.५</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ८३ | | | **राजश्व शिर्षक**<br><br>नेपाल सरकारले मिति २०७६।०४।०१ देखि लागु गरेको राजश्व शिर्षक वर्गिकरण अनुसार स्थानीय तहले संकलन तथा दाखिला गर्नुपर्ने मुल्य अभिवृद्धि कर राजस्व शिर्षक ३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । तर नगरपालिकाले ढुंगा, गिट्टी, बालुवा संकलन तथा बिक्री वापत प्राप्त गरेको देहाय अनुसारको मुल्य अभिवद्धी कर रकम राजस्व शिर्षक नं ३३३१४ मा निर्माण व्यवसायिको नामबाट दाखिला गरेको छ । दहत्तर बहत्तर संकलन वापतको स्थानीय तहको नामबाट बुझाउनु पर्ने रकम निर्माण व्यवसायिले भ्याट क्रेडिट लिन मिल्ने शिर्षकमा निर्माण व्यवसायिकै नामबाट आन्तरिक राजस्व कार्यालयमा बुझाएको कानुन सम्मत देखिएन् । तसर्थ तोकीएको राजस्व शिर्षकमा दाखिला भएको तथा निर्माण व्यवसायिले सम्बन्धित राजस्व कार्यालयबाट उक्त रकम क्रेडीट नलिएको प्रमाण पेश हुनुपर्दछ । रु.. | ५४२,४३८ |

| सि नं | कबोल कर्ता | पान नं | मु.अ.कर रकम |
|---|---|---|---|
| १ | हेप्पी कन्ट्रक्सन प्रालि (आ.व.२०७७।७८ को) | ३०३८१९९०९ | ३९२६० |
| २ | शिवालय कन्ट्रक्सन प्रालि (आ.व .२०७७।७८ को) | ६०१२००९३३ | ७५४०० |
| ३ | हेप्पी कन्ट्रक्सन प्रालि (आ.व.२०७८।७९ को) | ३०३८१९९०९ | १७२९६५ |
| ४ | शिवालय कन्ट्रक्सन प्रालि (आ.व .२०७८।७९ को) | ६०१२००९३३ | ९१०१३ |
| ५ | राज विल्डर्स प्रालि (आ.व .२०७८।७९ को) | ६०७७७०७०२ | १६३८०० |
| | जम्मा | | ५४२४३८ |

| | | | | |
|---|---|---|---|---|
| ८४ | | | **सामुदायिक बनबाट आय प्राप्त नभएको**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क मा सामुदायिक वन पभोक्ता समितिले वन पैदार बिक्री तथा उपभोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा स्वीकृत योजनाअनुसार संकलन भएको शुल्कको १० परतिशत रकम पालिकामा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाक्षेत्र भित्र रहेको कुनै पनि सामुदायिक वनले कार्ययोजना तयार गरी पालिकामा पेश गरेको देखिएन । साथै सामुदायिक वनले वन पैदावरको बिक्रीबाट प्राप्त रकमको १० प्रतिशतले हुने रकम समेत पालिकामा दाखिला गरेको देखिएन ।साथै सोको विवरण समेत पालिकामा पेश नभएको दाखिला गर्न बाँकी रकम समेत यकसन गर्न सकिएन । तर निम्न | |

सामुदायिक वनले वन पैदावरले बिक्रीवापतको रकम पालिकामा दाखिला नगरेको अवस्थामा समेत पालिकाबाट निम्नानुसार रकम अनुदान लिएको देखियो । तसर्थ डिभिजन वन कार्यालयसँग समन्वय गरी ऐनमा उल्लेख भए अनुसार सामुदायिक वन उपभोक्ता समितिले कार्ययोजना पालिकाबाट स्वीकृत गराई तोकीए अनुसार प्राप्त रकम पालिका संचितकोषमा दाखिला गर्नुपर्दछ ।

| भौचर नं | सामुदायि वन उपभोक्ता समिति | पालिकाबाट अनुदान रका |
|---|---|---|
| ४६१ | लाम्पाटा सामुदायिक वन उपभोक्ता समिति | १९२००० |
| ५८७ | लाम्पाटा सामुदायिक वन उपभोक्ता समिति | ७२५२०० |
| ११० | सामुदायिक वन उपभोक्ता महासंघ | २७५३० |
| ५८१ | सालघारी सामुदायिक वन उपभोक्ता समिति | ५२५९९७ |

८५ **पूँजीगत शीर्षकबाट चालु खर्च**

पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका देहायअनुसारका कार्यहरुमा समेत पालिकाले पूँजीगत शीर्षकबाट खर्च लेखेको पाईयो । यसमा नियन्त्रण हुनुपर्दछ ।

| सि नं | विवरण | रकम |
|---|---|---|
| १ | सहकार्ताको तलब भत्ता अनुदान | ६८८७५०० |
| २ | प्रेषण गर्नुपर्ने सुत्केरीलाई निशुल्क एम्बुलेन्स सेवा | १००००० |
| ३ | कक्षा ११ र १२ लाई शिक्षक दरबन्दी नभएको विद्यालय अनुदान | ३००००० |
| ४ | कक्षा ११ र १२ जेहेन्दार विद्यार्थी छात्रवृत्ती | ४००००० |
| ५ | असाहय, दर्घरोगी एवं विपन्न विरामीको साथमा नगर प्रमुख | ९९१२६० |
| ६ | ५० देखि ७० वर्षका विदुर तथा एकल महिला प्रोत्साहन र निशुल्क स्वास्थ्य बिमा कार्यक्रम | ८९७००० |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>७</td><td>एक वार्ड प्राविधिक व्यवस्थापन अन्तरगत वर्डातर्फका करारका कर्मचारीको तलब</td><td>२९५००००</td></tr><tr><td>८</td><td>विभिन्न क्लबहरुलाई खेलकुद सामाग्री खरिद</td><td>२९२६७०</td></tr><tr><td>९</td><td>सुत्केरी विदामा बसेका महिला शिक्षकको सट्टामा सट्टा शिषक तलब</td><td>३०००००</td></tr><tr><td>१०</td><td>लक्षित समुदाय विपन्न परिवारमा आय शिर्षकबाट आर्थिक सहायहता</td><td>२०००००</td></tr><tr><td colspan="2">जम्मा</td><td>१३३१८४३०</td></tr></table> | |
| ८६ | | | **राजनितिक दल सम्बद्ध स्स्थालाई सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष निम्नानुसार व्यक्ति एवं संघ संस्थालाई रु ५८२५३० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।<br><table><tr><td>सि न</td><td>सस्थाको नाम</td><td>रकम</td></tr><tr><td>१</td><td>ने क पा एमाले</td><td>२०००००</td></tr><tr><td>२</td><td>प्रेस चैतारी नेपाल</td><td>१०००००</td></tr><tr><td>३</td><td>नेपाल राष्ट्रिय शिक्षक संगठन</td><td>३५०००</td></tr><tr><td>४</td><td>अखिल नेपाल महिला संघ</td><td>३००००</td></tr><tr><td>५</td><td>नेपाल राष्ट्रिय कर्मचारी संगठन</td><td>२००००</td></tr><tr><td>६</td><td>मोक्षद्वारी बालसिद्ध योगाश्रम</td><td>१०००००</td></tr><tr><td>७</td><td>सामुदायिक बन उपभोक्ता महासंघ</td><td>२७५३०</td></tr><tr><td>८</td><td>रिजन सेक्रेटरी ने क पा एमाले</td><td>५००००</td></tr></table> | ५८२,८३० |

| | | |
|---|---|---|
| ९ | सूर्यतारा क्लब पोखरा | २०००० |
| | जम्मा | ५८२५३० |

८७ **पेश्की बाँकी** १४,२५९,५९०

आर्थिक कार्यविधि तथा वित्तीय उत्रदायित्व नियमावलि २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फर्छ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतेवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई बेरुजू नमानिने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार देहाय अनुसार पेश्की रकम आर्थिक वर्षको अन्तसम्म पनि फर्छयौट नभई बाँकी रहेको देखिन्छ । उक्त पेश्की रकम तोकीए बमोजिक फर्छयौट हुनुपर्दछ । रु

| सि.नं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| १ | २०७९/०३/०९ | नगरको सेवा प्रवाह र शुसासन व्यवस्थापन | प्रताप पौडेल | ० | ४००००० | ४००००० |
| २ | २०७९/०३/२५ | पशु आहारा मिसन कार्यक्रम | प्रताप पौडेल | ० | ४००००० | ४००००० |
| ३ | २०७९/०३/२५ | आ.व. २०७७/७८ मा स्थापना भएको भैंसीको (पकेट) विकास कार्यक्रम निरन्तरता | प्रताप पौडेल | ० | ४९५००० | ४९५००० |
| १ | २०७८/०६/२० | वडा कार्यालय भवन निर्माण | गणेश - ओम श्री कालाशिल्ला जे.भी. | ४२२३४५ | ० | ४२२३४५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | २०७८/०६/२४ | प्रमुख प्रशासकीय भवन निर्माण | कालिगण्डकी।प्रदिप।जुम्लि जे.भी. | ८६०७१०९ | ० | ८६०७१०९ |
| ३ | २०७८/०९/०८ | वडा कार्यालय भवन निर्माण | गणेश - ओम श्री कालाशिल्ला जे.भी. | १०७००० | ० | १०७००० |
| ४ | २०७८/१०/२५ | प्रमुख प्रशासकीय भवन निर्माण | कालिगण्डकी।प्रदिप।जुम्लि जे.भी. | ४९७१९९९ | ० | ४९७१९९९ |
| ५ | २०७८/१२/०८ | प्रमुख प्रशासकीय भवन निर्माण | कालिगण्डकी।प्रदिप।जुम्लि जे.भी. | ३०२९५०० | ० | ३०२९५०० |
| १ | २०७८/१२/११ | केन्द्रबाट छनौट भएका नमुना विद्यालयविशेष प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | श्री माटेदेवल जनसहयोगी (प्रा.तथा व्या)मा.वि | २१००००० | ० | २१००००० |
| १७ | २०७९/०३/२३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | अन्नपूर्ण माध्यमिक विद्यालय | ० | ६५०००० | ६५०००० |
| १९ | २०७९/०३/२३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | गहते अम्बोट आधारभूत विद्यालय | ० | ६५०००० | ६५०००० |
| २० | २०७९/०३/२३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | जनता माध्यमिक विद्यालय | ० | ६५०००० | ६५०००० |
| २४ | २०७९/०३/२३ | कक्षा ११ र १२ मा विज्ञान र प्राविधिक शिक्षा अध्ययन गर्ने गरिव तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति | श्री माटेदेवल जनसहयोगी (प्रा.तथा व्या)मा.वि | ० | २००००० | २००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३३ | २०७९/०३/२४ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | अन्नपूर्ण सामुदायिक सिकाइ केन्द्र | ० | १००००० | १००००० |
| ३४ | २०७९/०३/२४ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | कुर्घा सामुदायिक सिकाइ केन्द्र | ० | १००००० | १००००० |
| ३५ | २०७९/०३/२४ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | जगत जननी सामुदायिक सिकाइ केन्द्र | ० | १००००० | १००००० |
| ३६ | २०७९/०३/२४ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | थापाठाना सामुदायिक सिकाइ केन्द्र | ० | १००००० | १००००० |
| ३७ | २०७९/०३/२४ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | देविस्थान सामुदायिक सिकाइ केन्द्र | ० | १००००० | १००००० |
| ३८ | २०७९/०३/२४ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | मोति सामुदायिक सिकाइ केन्द्र | ० | १००००० | १००००० |
| ३९ | २०७९/०३/२४ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | रश्मी सामुदायिक सिकाई केन्द्र | ० | १००००० | १००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४० | २०७९/०३/२४ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | सिद्ध सामुदायिक सिकाइ केन्द्र | ० | १००००० | १००००० |
| १ | २०७८/०६/११ | आवासीय भवन निर्माण/खरिद | सुरक्षीत आवास कार्यक्रम अन्तर्गतका लाभग्राहिहरु | ११४८२५ | ० | ११४८२५ |
| २ | २०७८/०६/११ | अन्य सार्वजनिक निर्माण | नेटा बजार घोप्टे चौर मोटरबाटो समिति | २००००० | ० | २००००० |
| ३ | २०७८/०८/१७ | वडा कार्यालयवाट प्राथमिकतामा माग भई आएका आयोजनाहरु | झाक्रीथान सत्तल निर्माण समिति | ७५००० | ० | ७५००० |
| ४ | २०७८/०९/०२ | खानेपानी संरचना निर्माण | बृहत फलेवास गुणस्तरीय खानेपानी तथा सरसफाई संस्था (स्कीम नं. २ खानीगाउँ) | ३२३२९० | ० | ३२३२९० |
| ५ | २०७९/०२/११ | सुरक्षित नागरिक आवास कार्यक्रम | सुरक्षीत आवास कार्यक्रम अन्तर्गतका लाभग्राहिहरु | १७३६१७५ | ० | १७३६१७५ |
| ६ | २०७९/०२/२५ | सडक वोर्ड अन्तर्गतका योजनाहरु | टंकी चोकदेखी प्रमुख प्रशासकीय भवन जाने सडक मर्मत उपभोक्ता समिति | ८७४००० | ० | ८७४००० |
| ७ | २०७९/०२/२५ | सडक वोर्ड अन्तर्गतका योजनाहरु | झकलक चोकदेखि नगरपालिका राहालेसम्म सडक स्तरोन्नती | ११३६००० | ० | ११३६००० |
| ८ | २०७९/०३/२१ | वडा कार्यालयवाट प्राथमिकतामा माग भई आएका आयोजनाहरु | लिमिठाना स्वास्थ्य संस्था प्रसुती केन्द्र भवन निर्माण समिति | ० | ४००००० | ४००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | २०७९/०३/२३ | झो.पु. | चिर्दीखोला सातमुले झोलुङ्गे पुल निर्माण समिति | ० | ११२४३०० | ११२४३०० |
| १० | २०७९/०३/२३ | ट्रस बृज | बेलौरे चौतारा स्टिल ट्रस निर्माण उपभोक्ता समिति | ० | ९०७००० | ९०७००० |
| १ | २०७९/०३/२३ | प्रबिधि हस्तान्तरण | रामचन्द्र सुवेदी | ० | १२३९०६ | १२३९०६ |
| २ | २०७९/०३/२३ | लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | रामचन्द्र सुवेदी | ० | ४०००९४ | ४०००९४ |
| ३ | २०७९/०३/२५ | स्यानिटरी प्याड ब्यवस्थापन | टंकनाथ पौडेल | ० | ५०००00 | ५०००00 |
| | | जम्मा | | ४४५९२९० | ३४५५३०० | ७९१४५९० |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। ११/२३ को निर्णयबाट रु. २६०००००/- सम्परीक्षण गरिएको । )***

८८

**आय सम्झौता नभएको**

पालिकाले स्वीकृत गरेको प्रारम्भीक आई.ई.ई. प्रतिवेदन तथा साभाले निर्धारण गरेको रकम अनुसार पालिकाले ढुंगा, गिट्टी, बालुवा संकलन तथा बिक्रीका लागि नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न नदी तथा खोल्सी लाई ७ समुहमा विभाजन गरी मिति २०७८।०४।०१ मा सुचना प्रकाशन गरेको छ । ज्सअनुसार कार्यालयमा पेश भएका दरभाउपत्र मध्ये मिति २०७८।०४।३१ मा सबैभन्दा बढी कबोल गर्ने ६ निर्माण व्यवसायि छनौट गरी कार्यपालिकाबाट स्वीकृत गरेको देखिन्छ । तर काली गण्डकी नदीको प्राकृतीक बहाब र पर्यावरण प्रतिकुल हुने गरी नदी जन्य पदार्थ शालिग्राम चोरी निकाशी तथा विनाश गर्ने कार्य भएको भनी उक्त कार्यलाई रोक्न भनी प्रकाश मणी शर्माले नदी क्षेत्र पर्ने पालिका, जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयलाई विपक्षी बनाई मिति २०७८।०३।२९ मा सम्मानीत सर्वोच्च अदालतमा ६-२०७७-WO-१२५६ नम्बरको रिट दार्ता गरेको देखिन्छ । उक्त रिट उपर सम्मानीत अदालतबाट मिति २०७८।०३।३० मा अन्तरिम आदेश भएकोमा पालिकाबाट उक्त आय ठेक्काका लागि छनौट भएका निर्माण व्यवसायिसँग सम्झौता हुन सकेको देखिएन । उक्त रिट तथा अन्तरिम आदेशमा कालीगण्डकीलनदी क्षेत्रका पालिकालाई विपक्षि बनाईएकोमा उक्त विपक्षिमा फलेवास नगरपालिकाको नाम नरहेको तथा ढुंगा, गिट्टी, बालुवाको अवैध चोरी निकासी रोक्न पालिकाबाट सम्मानीत सर्वोच्च अदालतको अन्तरिम आदेश

<table>
<tr><td></td><td></td><td></td><td>प्रतिकुल नहुने गरि छनौट भएका निर्माण व्यवसायिसँग सम्झौता गर्ने भनी मिति २०७८।०७।३० मा निर्णय भए अनुसार छनौट भएका निर्माण व्यवसायीलाई सम्झौताको लागि पत्राचार भएकोमा निम्न ३ स्थानको लागि आय ठेक्का सम्झौता हुन सकेको देखिएन । यस सम्बन्धमा छलफल गर्दा उक्त स्थानमा पालिकालको साभाले ढुंगा, गिट्टी, बालुवाकव बिक्री तथा संकलन गर्न सकिने भनी बजेट अनुमानमा समावेश गरे अनुसार सूचना प्रकाशन गरेको र तर उक्त स्थानबाट ढुंगा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थ संकलन र ढुवानी गर्न सडक स्तर उन्ननती नगरेको तथा सम्मानीत आदालतको आदेशकव कारण छनौट भएका आय ठेक्का सम्झौता हुन नसकेको पालिकाको भनाई रहेको छ ।
<table>
<tr><th>ठेक्का नं</th><th>स्थान</th><th>कबोल कर्ता</th><th>कबोल अंक</th></tr>
<tr><td>४</td><td>टुटङ्गा चंदारेघाट कालीकण्डकी बगर फनापा ६ देविस्थान</td><td>शान्तीदीप निर्माण सेवा</td><td>१०१७०११</td></tr>
<tr><td>६</td><td>कर्नास कालीगण्डकी छोरे वगर फनापा ११ पांगरांग</td><td>पासाङ्ग निर्माण सेवा</td><td>७३५१२७</td></tr>
<tr><td>७</td><td>कुर्घा चिरुवाढुंगा कालीगण्डकी बगर फनपा १० कुर्घा</td><td>एम वाई कन्ट्रक्सन</td><td>४६३३५७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२२१५४९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>श्रमिक कल्याण कोषः<br><br>फलेवास नगरपालिका क्षेत्रभित्र रहेका श्रमिकहरुबाट प्रति महिना रु.५०० तथा सोही बराबर रकम कार्यालयबाट थप गरी श्रमिक कल्याण कोषमा जम्मा गर्ने गरी श्रमिक कल्याण कोष संचालन कार्यविधि मिति २०७७।०५।१८ मा कार्यपालिकाबाट स्वीकृत गरेको छ । सोही कार्यविधिको बुदा नं २(२) अनुसार नागरीक लगानीकोष सँग सम्झौता गरी उक्त रकम गरी यस वर्ष ६५५ जनाको रु.५४९३००० र गत वर्ष रु.३८२८००० लगानीकोषमा जम्मा गर्ने गरेको देखियो । तर कार्यालयले तयार गरेको कार्यविधिमा नियमिति रुपमा श्रमिकबाट रकम जम्मा नहुदा तथा कुनै श्रमिकले रकम जम्मा गरेको की समय पश्चात उक्त योजना सहभागी नहुने भनी रकम फिर्ताको निवेदन दिएको जम्मा रकम फिर्ता के कसरी गर्ने भन्ने विषयमा कुनै व्यवस्था गरेको देखिएन ।</td><td></td></tr>
</table>